# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल सांस्कृतिक विविधताले भरिएको राष्ट्र हो । यो विभिन्न जात, जाति, धर्म, संस्कृति, बोली, भाषा भएका नेपालीहरुको साझा घर हो , यहाँ पाइने सांस्कृतिक परम्परा, चालचलन, रीतिरिवाज, बोलीभाषा एवम् भेषभुषाहरुको विभिन्नता नै नेपालीहरुको आफ्नोपन हो, आफ्नै मौलिक विशेषता एवम् पहिचान हो यहि विविधता नै वास्तवमा राष्ट्रको सांस्कृतिक धरोहर हो । संस्कृति र परम्परा प्रमी नेपालीको अमूल्य निधिपनि र समग्रमा यो नेपाल र नेपालीको आफ्नो पहिचान र गौरवको विषय हो । तर विडम्बना नेपाली जातिको जातीय विविधता नेलाल र नेपालीको पहिचान र गौरवको विषय भन्दा पनि सामाजिक विभेदीकरणको सुत्रधार बन्यो । मानिस - मानिस नै जन्मजात माथिल्लो वर्ग र तल्लो वर्ग, उचनीच, छुत र अछुत, पानी चल्ने र नचल्ने जस्ता सामाजिक बारवन्देजको शुरुवात भयो । यस्ता सामाजिक प्रथाले कुप्रथाको रुपमा अमानवीयताको पराकाष्ठ नाघ्यो । फलस्वरुप २१औं शताब्दीको प्रजातान्त्रिक युगमा पनि मानव मानवबीच विभेदको पर्खाल उभिएको पाइन्छ । जसले गर्दा राज्यद्वारा प्रदत्त सुविधा एवम् सेवामा समेत क्षमता र औकातको आधारमा नभई जातीयता र वर्गियताको आधारमा पहुँच हुने गरेको तितो यथार्थ सबको सामु छलङ्ग छ ।

उमेरको दृष्टिकोणले समान्यतया अपरिपक्व र कलिला व्यक्तिहरुलाई बालबालिका भनिन्छ । उनीहरु कम उमेरका हुने भएकाले हेरचाह र संरक्षणको आवश्यकता पर्दछ । बाल्य अवस्थामा मस्तिष्कको पूर्ण विकास भई नसक्ने हुनाले उनीहरुको यस अवस्थालाई नावालक पनि भन्ने गरिन्छ । आफनो राज्यको कानूनले त्यहाँको वाल्यस्थीति परिपक्वता प्राप्त गर्न सक्ने उमेरको मूल्यांकन र उनीहरुले गर्ने

कार्यको पद्धतिको आधारमा बालबालिकाहरुको उमेर निर्धारण गरिएको हुन्छ । संयुक्त राष्ट्रसंघ बालअधिकार महासन्धि १९८९ ले कुनै पनि राष्ट्रिय कानूनमा अन्यथा तोकिएकोमा बाहेक १८ वर्ष मुनिका सबै व्यक्तिलाई बालबालिका सम्झनु पर्दछ भनी परिभाषित गरेको छ । उमेरको हद कम र देश अनुसार फरक परेको पाइन्छ । जस्तै  फिलिपिन्समा १४ वर्ष, उधौडा तर्फ १५ वर्ष, समुद्री माछा मार्ने काममा १८ वर्ष आदि छ । अन्तरराष्ट्रिय श्रम संगठनको न्यूनतम उमेर सम्बन्धी महासन्धीले हल्का कामको लागि १३ वर्ष र खतारापूर्ण कामको लागि हुनुपर्ने उमेर १८ वर्ष तोकेको छ । जस्तो भएपनि अन्तरराष्ट्रिय श्रमसंगठनले पनि विद्यालय शिक्षाको पूरा हुने उमेरलाई नै समान्य कामको लागि पनि न्यूनतम उमेर १५ वर्ष तोकेको छ । हाम्रो देशको सन्दर्भमा बालकलाई जनाउन नावालक, केटाकेटी, बच्चाबच्ची, शिशु, नानी जस्ता शब्दहरु प्रयोग गरिन्छ । बालबालिका सम्बन्धी ऐन २०४८ को दफा २ को उपदफा (क) मा बालक भन्नाले सोह्र बर्ष उमेर पुरा नगरेको बालबालिका सम्झनु भन्ने उल्लेख गरिएको छ । श्रम ऐन २०४८ कै दफा २ के (ज) र (झ) मा केटाकेटी भन्नाले १४ वर्ष उमेर नपुगेका व्यक्तिहरुलाई सम्झनु पर्छ र नावालिका भन्नाले १४ वर्ष उमेर पुगेको तर १८ वर्ष उमेर पुरा नभएका व्यक्तिहरुलाई सम्झनु पर्दछ, (नेपाल सरकार, बालयौन शोषण नियन्त्रण निर्देशिका, २०५६) ।

बालबालिका सम्बन्धि ऐन २०४८ को दफा ३ देखि २० सम्म बालबालिकाको हक अधिकारहरुका बारेमा स्पष्टसँग उल्लेख गरिएको छ । बालअधिकार भन्नाले उनीहरुको बाँच्न पाउने, नाम पाउने, पालनपोषण, शिक्षा, स्वास्थोपचारको अधिकार, मनोरंजन, संरक्षण, व्यक्तित्व विकास, आफनो बारेमा तय गरिने नीति र सामाजिक गतिविधिहरुमा सहभागी हुन पाउने अधिकारको एकुमष्ट स्वरुप हो, (बाल अधिकार सम्बन्धी ऐन, २०४८) ।

प्रजातन्त्र पूनःस्थापना पश्चात् जारी भएको नेपाल अधिराज्यको संविधान २०४७ ले बालबालिकाहरुको उपयुक्त रेखदेख र विकासमा जोड दिइएको छ । त्यसरी नै नेपालको अन्तरिम संविधान २०६३ ले पनि बालबालिकाहरुका सम्बन्धमा विशेष व्यवस्थाहरु गरेको छ । अन्तरिम संविधान २०६३ को धारा २२ मा "प्रत्येक बालबालिकाहरुलाई आफनो पहिचान तथा नामको हकहो" । उनीहरुलाई पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हकहो । शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषण विरुद्धको हक हुनेछ । यस्तो शोषणजन्य कार्य कानूनद्वारा दण्डनीय हो । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानुनले निर्धारण गरे बमोजिमको क्षतिपूर्ति दिन्छ । असहाय, अनाथ, सुस्तमनस्थिती, द्वन्द पिडित, विस्थापित एवम् जोखिममा परेका सडक बालबालिकाहरुलाई सुनिश्चित भविष्यको लागि राज्यबाट विशेष सुविधा पाउने हक हो (नेपालको अन्तरिम संविधान, २०६३) ।

राज्यका नीतिहरुको उपधारा ८ मा राज्यले बालबालिकाको शोषण हुन नदिन उनीहरुको हक र हितको रक्षा गर्न आवश्यक व्यवस्था गरिनेछ र निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था क्रमशः गर्दै जाने व्यवस्था उल्लेख छ । त्यसैगरी उपधारा ९ मा राज्यले अनाथ बालबालिका, असहाय, महिला, बृद्ध, अपाङ्ग र अशक्तहरुको संरक्षण र उन्नतिका लागि शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अबलम्बन गर्ने व्यवस्था गरिएको छ ।

त्यसरी नै बालविकास केन्द्रहरु मार्फत पनि बालबालिकाहरुको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक, मानसिक विकासमा सहयोग पुरयाउने उद्देश्यले स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायहरु गाउँ विकास समिति र नगरपालिकालाई आ-आफ्नो स्रोतबाट पूर्व प्राथमिक विद्यालय स्थापना गर्ने र

त्यस्ता केन्द्रहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ (शिक्षा विभाग, नेपालको प्रारम्भिक बालविकास सम्बन्धी रणनीति पत्र, २०६१) ।

शिक्षा ऐन २०२८ (संशोधन सहित) को व्यवस्था अनुसार आफनै स्रोतबाट पूर्व प्राथमिक विद्यालय खोल्ने अनुमति वा स्वीकृति सम्बन्धित गा.वि.स./न.पा. ले दिन सक्ने व्यवस्था छ । राष्ट्रिय जनगणना २०५८ अनुसार दलित, उपेक्षित, उत्पीडित जातिकोरुपमा चिनिने दमाइ,कामी , सार्की, मुसहर, डोम, सत्तार, धिमाल आदि जातिवर्ग मानिसहरुको संख्या १३.१८% रहेको छ । यसरी देशको कूल १३.१८% ओगटेको श्रमजीवि दलित जातिहरुको अवस्था सुदृढ नगरी देशको स्थिति उकास्न नसकिने तथ्यलाई हृदयंगम गरी वर्तमान समयमा अर्न्राष्ट्रिय एवम् राष्ट्रिय तहबाट विभिन्न प्रयासहरु भईरहेको परिप्रेक्षमा लगानी अनुरुप प्रतिफल प्राप्त भएको देखिदैन ।

यसरी इतिहासका विगत २००० वर्षदेखि जन्मजात दोस्रो नागरिकको हैसियत प्राप्त गरेका समुदायको समग्र स्थिति समृद्ध नहुनको कारण क्षैक्षिक चेतनाको अभाव हो । शिक्षाको विकासद्वारा समग्र नेपाली समाजलाई रुपान्तरित गर्दै राष्ट्र विकासको मूल प्रवाहमा समाहित गर्न नसक्नु नै हो । यस्ता विद्यमान परिवेशमा त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नाकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत शोधपत्रमा यिनै पिछडिएका दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता ओखलढुंगा जिल्ला अन्तर्गत स्रोत खानीभन्ज्याङ् स्रोतकेन्द्र शीर्षक शोधपत्रमार्फत प्रयास गरिएको छ ।

शिक्षा मानव विकासको महत्वपूर्ण आधार हो । यो संसारलाई हेर्ने बुझ्ने र बदल्ने चेतनाको सशक्त माध्यम हो । तसर्थ हरेक व्यक्तिको मानवअधिकारको विषय हो शिक्षा । जुन तथ्य संयुक्त राष्ट्रद्वारा पारित बडापत्रमा समेत उल्लेख भइसकेको झण्डै छदशक वितिसकेको छ । विश्वका विभिन्न देशहरुले आधारभूत शिक्षा सम्पूर्ण नागरिकको पहुँचमा कसरी कहिलेसम्म पुऱ्याउन सकिन्छ भन्ने विषयमा विश्वको दुइवट शिखर सम्मेलन समेत सम्पन्न भइसकेका छन् । सन १९९० को थाइल्याण्डको जोमटिन र सन २०१५ सम्ममा निःशुल्क तथा अनिवार्य प्राथमिक शिक्षा हरेक नागरिकको पहँचमा पुऱ्याउने अन्तर्राष्ट्रिय प्रतिवद्धता जाहेर गरिसकेको छ ।

यसरी किन एउटै राष्ट्रका नागरिकहरुमा पनि विभेद गरिन्छ ? देशको विद्यमान संविधान र नियम कानूनले भेदभाव गरिएको छैन भनिभन्छन् । आरक्षणको कुरा पनि उनीहरुकै नाममा गरिएका छन् । तर यथार्थलाई नियाल्ने हो भने विद्यमान परिवेश निकै कहाली लाग्दो छ । किन र कहिले देखि बन्यो यो पिछडिएको वर्ग दलित जाति र विशेष गरी जातिगत विभाजनको रेखा ? हरेक वर्षका राष्ट्रिय बजेट, पञ्चवर्षीय योजना राज्यमा नीति नियमहरु तर्जूमाको प्रक्रिया अग्रस्थान बनेको लोक प्रिय वाक्य हो, पिछडिएको जाति, जनजाति, दलित जातिहरुलाई राष्ट्रिय धारमा ल्याई उनीहरुको जीवनस्तर उकास्ने कुरा । यद्यपि अझै पनि उपेक्षित, उत्पिडित, दलित, पिछडिएका जनजाति र महिलाहरुलाई प्राथमिकता दिइ साक्षर दिन बाँकी निरक्षरहरुलाई साक्षर बनाउनु पर्ने चुनौति हाम्रो सामु रहेको छ । एकाइसौं शताब्दीमा समेत जन्मजात मान्छे मान्छे बीच विकसित र पछाडिएका जातिको विभाजन रेखा ? अनि समग्र भावनाको कलंकको रुपमा आर्थिक र न्यायिक समानता भन्दा पनि पर छुत र अछुतको प्रथा ? साच्चीकै न्यायिक र समतामूलक समाजको सृजना यस्तो निकै बाधक देखिन्छ । यसरी मानव सभ्यताको विकाससँगै झाँगिएर आएको वर्तमान

परिवेश बुझ्न विगतलाई समेत केलाएर हेर्नु पर्ने हुन्छ । तसर्थ जाति प्रथाको शुरुवातको ऐतिहासिक पक्षलाई यहाँ संक्षिप्तरुपमा प्रस्तुत गरिएको छ ।

ऋग्वेदमा जातपातको उत्पत्ति सम्बन्धी अवधारणा देखिन्छ । तत्कालीन समयमा वैद्धिकजनहरुको बोलवाल चलेको पाइन्छ । वैद्धिकजनहरु जुन गोरो वर्णका हुन्थे, अवैद्धिकजनहरुसँग टक्कर र संघर्ष परिरहन्थ्यो । विस्तारै वैद्धिकजनहरु शक्तिशाली बन्दै गएकाले उनीहरु आफूलाई श्रेष्ठ (आर्य) र अरुलाई हीन अनार्य सम्झन थाले । यसरी छालाको रंगको आधारमा मान्छे मान्छे बीचको भेदभावको भावना शुरु भएको तथ्य ऋग्वेद रचना (इ.पू.२०००-१२००) को पूर्वाद्धकालमा भएको पाइन्छ । ऋग्वेद दशौं खण्डमा आएर ईश्वर वा ब्रम्हाका चार अंगको रुपमा ब्रम्हाण, क्षेत्री, शुद्र,वैश्य शिकार आदिको काम गर्ने क्षेत्रीय, खेती पशुपालन, व्यापारको काम गर्ने वैश्य, सेवा कठिन श्रम र प्राविधिक काम गर्ने शुद्रका रुपमा सामाजिक श्रमका चार प्रमुख हाँगाको रुपमा फैलन थालेको कुरा पाइन्छ (प्रश्रित-२०५८:७) ।

यसरी पेशाकारुपमा शुरु भएको विभाजनले जातीयरुपमा भने मानिसलाई विभाजन गरेको थिएन । मासिसले स्वइच्छाले पेशा अगाले आफ्नो जाति कायम गर्न सक्ने अवस्था थियो । अर्थात जातपात जन्मकोआधारमा नभई कामको आधारमा छुट्टिने प्रथा तत्कालीन समयमा भएको पाइन्छ । पछि पुर्ख्यौली पेशा सम्हाल्न सजिलो पर्ने, एउटा खलकले एउटा पेशा अगाल्दा त्यो काम माझिदै जाने, सीप र प्रविधिको राम्रो विकास हुने आदि कारणले पेशाले पुर्ख्यौली रुप लिदै गए । फलस्वरुप शिक्षा दिक्षा, स्नान, सफाइ जस्ता काम ब्रम्हाण, क्षेत्री र वैश्यतिर मात्र सिमित हुदै गए र कठोर श्रम र प्राविधिक काम गर्ने श्रमजीवि शुद्रहरुले त्यतातिर ध्यान दिन सकेनन् । कालान्तरमा धनी गरिबको वर्ग तिव्र हुदै गएपछि माथिल्लो वर्गले श्रमजीवि मानिसहरुलाई असचेत र अशिक्षित पारी आ-आफ्नो काममा कज्याउने मनसायले पहिले शुद्रहरुलाई र पछि नशिहरुलाई शिक्षाबाट वञ्चित गराउदै लगे । लडाँइमा

जितेर ल्याइएकाहरुलाई समेत दासदासीकोरुपमा प्रयोग गर्न थालियो । उनीहरुलाई शिक्षित हुन नदिने वेद र धर्म ग्रन्थहरु सुन्न नदिने, लाटा ग्वाँज बनाएर काममा जोताउने र माथिल्लो जाततिर ताक्न नसक्ने बनाउने अनेकौ धार्मिक, आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक र कानुनी व्यवस्था गरियो । फलस्वरुप उनीहरुमा मनोवैज्ञानिकरुपमा नै हीनता बोध र हामी तल्ला जातका हौं भन्ने भावना बढ्दै गयो । यसरी उत्तरवैद्धिककाल (इ.पू.१००) तिरबाट विस्तारै कठोररुप लिदै गएको जातीय प्रथाले (इ.पू.८००) उपनिषद कालको थालनीतिरबाट इतिहासको कुख्यात कलंककोरुपमा छुवाछुत प्रथाको रुप लिन पुग्यो ।

नेपालको शिक्षा आयोगहरुका प्रतिवेदनहरुमा दलित समय सापेक्ष नेपालको शिक्षा पद्धतिलाई व्यवस्थित गर्न गठित विभिन्न शिक्षा योजना र आयोगहरुले दलित शिक्षा सम्बन्धमा कस्तो अवधारणा राखे ? दलित प्रतिको शैक्षिक दृष्टिकोण कस्तो रह्यो ? संक्षिप्त चर्चा गर्न सान्दर्भिक भएकाले प्रस्तुत गरिएको छ ।

नेपाल राष्ट्रिय शिक्षा आयोग प्रतिवेदन २०११ र सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ मा प्राथमिक शिक्षा निःशुल्क गरी विस्तारै अनिवार्य गरिनु पर्ने अवधारणा राखेतापनि पिछडिएको जाति विशेष अङ्कित गरी कार्यक्रमको सिफारिस गरेको भने पाइदैन । नेपालको शिक्षा विकासमा ऐतिहासिक महत्व राख्ने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८-२०३२ बाट मात्र दलित जाति एवम् पिछडिएको जनजातिको बारेमा विशेष ध्यान राखी गरिब तथा जेहेन्दार एवम् पिछडिएको क्षेत्र र वर्गका विद्यार्थीलाई सहयोग गर्ने छात्रवृत्तिको व्यवस्था गर्न सिफारिस गरिएको पाइन्छ ।

शाही उच्च शिक्षा आयोगको प्रतिवेदन २०४० ले विद्यार्थी सेवा अन्तरगत विद्यार्थी कल्याणकोष मार्फत निम्नानुसार व्यवस्था गरेको पाइन्छ । आयोगको प्रतिवेदनको बुँदा नं.१३ (ग) अनुसार प्रत्येक समाजको कमजोर पक्षबाट आएको गरिब र अपाङ्ग

विद्यार्थीलाई प्रत्येक क्याम्पसमा छात्रवृत्ति र शुल्क माफीको सुविधा दिइने छ भनिएको छ ।

उच्चस्तरीय शिक्षा आयोग २०५५ ले शिक्षाको उद्देश्य निर्धारण गर्दा संविधानको मौलिकहक तथा राजाका निर्देशक सिद्धान्त र नीतिलाई ध्यानमा राखी निम्नानुसारको व्याख्या गरिएको पाइन्छ । उक्त प्रतिवेदन बुँदा ५ अनुसार विपन्न वर्ग, पिछडिएका जाति दलित समुदाय अपाङ्गका निमित्त शिक्षाको पहुँच पुऱ्याउने कार्यमा जोड दिएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

विद्यालय शिक्षाको प्रस्तावित कार्ययोजनाको अवधारणा २०५८ ले समेत निःशुल्क शिक्षा सम्बन्धमा निम्नानुसार व्यवस्था गरेकोछ । मानवअधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ को धारा २६(१)मा Education shall be Free at Least in the element alary and fundamental stage भनि उल्लेख गरे बमोजिम नेपाल सरकारले Education for all प्रति प्रतिवद्धता जारी गरेको छ । जस अनुसार प्राथमिक शिक्षामा जोड दिएकोछ । कुनै संस्थागत विद्यालयले ५% विद्यार्थीलाई एवम् नीजि विद्यालयले कम्तिमा २% गरिब तथा पिछडिएका समुदायका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिने भएको छ । त्यसै गरी सामुदायिक मा.वि. एवम् नि.मा.वि.का लागि १०% विद्यार्थीलाई निःशुल्क शिक्षा दिइने कुरा उल्लेख गरिएको छ ।

वि.स. २०४६ सालको जनआन्दोलन पश्चात पुर्नस्थापित बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको संविधान २०४७ ले जातीय उत्थानको लागि विशेष व्यवस्था गरेको पाइन्छ । जातीय उत्थान एवम् संस्कृतिको संरक्षणको लागि विभिन्न भाषा लिपी, साहित्य,कला संस्कृतिको जगेर्ना गरी राष्ट्रिय एकता सुदृढ बनाउने राजाको नीति रहेको छ । संविधानको भाग ३ धारा १८ मा संस्कृति तथा शिक्षा सम्बन्धी हकको व्यवस्था गरी सोही धाराको उपधारा १ मा नेपाल अधिराज्यमा बसोबास गर्ने प्रत्येक

समुदायलाई आफ्नो भाषा लिपी र संस्कृतिको संरक्षण गर्न अधिकार हुने छ । त्यसै गरी उपधारा २ मा प्रत्येक समुदायले बालबालिकालाई प्राथमिक तहसम्म मातृभाषामा शिक्षा दिनेगरी विद्यालय संचालन गर्न पाउने भनी उल्लेख गरिएको छ । त्यसै गरी भाग ४ राज्यको नीति तथा निर्देशक सिद्धान्त अन्तरगत धारा २६को उपधारा २ र १०मा आर्थिक तथा सामाजिक रुपले पिछडिएका जात जाति र समुदायको उत्थान गर्ने नीति राज्यले अलम्वन गर्ने छ भनि प्रत्याभूत गरिएको छ ।

वर्तमान समयमा संविधान र कानुनको दृष्टिमा सवै मानिस समान छन् र कसैमाथि भेदभाव् पक्षपात हुने छैन भनी संविधानले व्यवस्था गरेको तथा नेपालले मानवअधिकारको विश्वव्यापी घोषणा पत्रमा हस्ताक्षर गरेको पनि साढे तीनदशक भइसकेको छ । यति हुँदाहुँदै पनि मानिसले आफूजस्तै मानिसलाई अछुत र पानी नचल्ने जस्तो सम्भेर क्रूर असभ्य, बर्बर,कुहिगन्थे संस्कार अझसम्म पालिरहेको छ । आजपनि स्कूलकार्यलयमा एकले ल्याएको पानी खानुपर्छ । सबै धारा पधँराको पानी छुन खान पाउने न्यायको माग गर्नु पर्ने सबै जातिले दुध बेच्न पाउनु पर्ने जस्ता न्याय खोज्नुपर्ने दयनीय स्थिति कायमै छ ।

शिक्षालाई मानवअधिकार एवम् आधारभूत आवश्यकताको रुपमा स्वीकारिएको छ । नेपालको शैक्षिक तथ्यांकले देशको साक्षरता ५७.६% देखाउछ ।अन्तर्राष्टिय् वार्षिक अंक (२०६०) यसरी झण्डै ६०% मानिसहरु शिक्षित भइसक्दा पनि देशभरमा ३४ लाख दलित माथि भेदभावको दृष्टिकोण हुनु पक्कै पनि लाजमर्दो कुरा हो । अर्कोतिर दलितजातिलाई शैक्षिक मूलधारमा ल्याउन नेपाल सरकारले दलित छात्रवृत्ति कार्यक्रम अधिराज्यभर लागु गरेको छ । प्राथमिक शिक्षा निःशुल्क घोषणा गरिएको छ । यद्यपि दलित साक्षरता १०.१६% मात्र रहेको वर्तमानमा कम चुनौतिपूर्ण छैन( थापा,२०५८:२) उपर्युक्त तथ्यबाट दलित तथा उपेक्षित समुदायको शैक्षिक स्थिति ज्यादै कमजोर रहेका पुष्टि हुन्छ ।

## १.२ समस्याको कथन

शिक्षालाई मानव अधिकारकोरुपमा स्वीकारी सन २०१५ सम्म निः शुल्क एवम् अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउनु पर्ने चुनौति राष्ट्रसामु खडा छ । सोही राष्ट्रिय प्रतिवद्धता अनुरुप दलित तथा पिछडिएका वर्गसम्म शैक्षिक पहुँच पुऱ्याउन विभिन्न सहयोग कार्यक्रम संचालित छन् ।

## १.३ अध्ययनको औचित्य

शिक्षा विकासको पुर्वाधार तथा दिगो विकासको आधार हो । देशको विकासमा शैक्षिक जागरणले महत्वपूर्ण भूमिका खेलेको छ । राष्ट्रको शैक्षिक स्तर उकास्न औपचारिक तथा अनौपचारिक शिक्षाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । बालविकासको सर्वाङ्गिण विकासका लागि प्रारम्भिक बालशिक्षाको महत्वपूर्ण भूमिका हुन्छ । हालको परिवेशमा प्रारम्भिक बाल शिक्षाको विकास र विस्तारका लागि सरकारी तथा गैरसरकारी तहबाट प्रशस्त लगानी गरिएको छ । यति हुदाहुदै पनि यस क्षेत्रमा पर्याप्त समुदायिक सहभागिता जुटाउन नसकिएको, समुदायको आवश्यकता सँग तालमेल गर्न नसकिएको, कार्यक्रमको वास्तविकताको बारेमा स्पष्ट हुन नसकेको, कार्यक्रमले अपेक्षित प्रतिफल दिई समाजमा विभिन्न छाप जोड्न नसकेको गुनासाहरु जनमानमा रहेका छन् ।

प्रस्तुत अध्ययनमा ओखलढुंगा जिल्ला अन्तर्गत खानी भन्ज्याङ्ग स्रोत केन्द्रका दलित जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाको एक महत्वपूर्ण पाटोलाई ओगटेको हुनाले त्यस सम्बन्धी सरोकारवाला पक्षहरुको धारणा समेतलाई अध्ययन गरिएकोले अध्ययन औचित्यपूर्ण छ । यस विषयसँग मिल्दाजुल्दा केही अध्ययनहरु भैसकेका भएतापनि ओखलढुंगा जिल्ला अन्तर्गत खानीभन्ज्याङ्ग स्रोतकेन्द्र भित्रका प्रा.वि. तहमा

दलित बालबालिकाहरुको सहभागिता शीर्षकमा अध्ययन नभएको हुँदा यस विषयको अध्ययन स्वतः औचित्यपूर्ण हुने छ ।

यस अध्ययनबाट प्राप्त उपलब्धीहरु शिक्षक, अभिभावक, विद्यार्थी र सम्बन्धित क्षेत्रमा निकाय एवम् अनुसन्धानकर्ताका लागि पनि सहयोगी समग्री बन्ने हुनाले यो अध्ययन औचित्यपूर्ण छ । निम्न बुँदाका आधारमा यस औचित्यलाई औल्याउन सकिन्छ ।

दलित समुदायको शैक्षिक स्थितिको जानकारी गराउने हुँदा सम्बन्धित सबैलाई वर्तमानमा दलित समुदायको शैक्षिक स्थितिको बोध हुने छ ।नेपाल सरकारद्वारा संचालित दलित विद्यार्थी सहयोग कार्यक्रमको प्रभावकारिताको जानकारी हुनेछ । आधारभूत प्राथमिक शिक्षा दलितको पहुँचमा पुग्न नसक्नुको कारक तत्वको पहिचान गराउने । आधारभूत शिक्षा दलित जातिको पहुँचमा पुऱ्याउन के गर्नु पर्ला ? उपायको खोजी गर्न सहयोग गर्ने छ । शैक्षिक योजनाकारलाई आवश्यक नीति निर्माणमा सहयोग गर्ने छ । भविष्यमा यस विषयमा थप खोजि गर्नेलाई आवश्यक सहयोग पुऱ्याउने ।

## १.४ अध्ययनको उद्देश्य

शैक्षिक दृष्टिले गरिने यो अध्ययनका उद्देश्यहरु निम्न अनुसार हुने छन्

१. दलित वालबालिकाहरुको शैक्षिक सहभागितामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु ।

२. दलित बालबालिकाहरुको शैक्षिक सहभागिता पहिचान गर्ने ।

३. दलित बालबालिकाहरुको शैक्षिक सहभागितामा देखापरेका समस्याहरु पत्ता लगाउने ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनमा स्रोत साधन र समयको अभाव नै मुख्य अवरोध रहेको छ । त्यसै गरी यस अध्ययनले नेपाल अधिराज्यका सबै दलित जातिको प्रतिविम्ब उतार्न सक्दैन । यसले त केवल ओखलढुंगा जिल्ला अन्तर्गत खानीभन्ज्याङ्ग स्रोत केन्द्र भित्रका प्रा.वि. उमेरका बालबालिकाहरुको शैक्षिक स्थिति र जीवनस्तरका बारेमा प्रकाश पार्ने छ । विद्यालय एवम् अन्य सम्बन्धित निकायबाट प्राप्त तथ्यांकको वास्तविकता प्रश्नावली मार्फत संकलित अभिमतहरुका साथै जिल्लाका भौगोलिक विकटताका कारण १२ स्रोत केन्द्रहरु मध्ये १ स्रोत केन्द्र अन्तर्गत १० वटा विद्यालयहरुबाट प्राप्त तथ्य तथ्याङ्क नै यस शोधपत्रको आधारमा स्तम्भ रहेको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाँका

## २.१ सम्बन्धित साहित्यको पनरावलोकन

कुनै पनि विषयवस्तुको अनुसन्धानको लागि त्यस वस्तुबारे पहिले भए गरेको शोध अनुसन्धान, सुझाव एवम् लेखहरु अध्ययन गर्नु सान्दर्भिक ठहर्छ । यसको अलवा शोध विषयसँग सम्बन्धित विद्धानहरुद्वारा प्रतिपादित सैद्धान्तिक अवधारणाको किसिमका विद्यमान सम्स्याको अध्ययन उवम् विश्लेषण गर्नु अझ प्रभावकारी हने हुँदा यस शोध पत्रको वैचारिक खाका स्वरुप Paulo Freire द्वारा प्रतिपादित अवधारणा दलित शिक्षण विधि (Pedagogy of the oppressed-1967) लाई लिइएको छ । यसै गरी मार्क्सवादद्वारा प्रतिपादित अवधारणा सामाजिक विभदीकरणको मार्क्सवादी सिद्धान्त को आधारमा पाप्त जानकारी तथ्य तथ्यांकलाई तथ्यांक दिइएको छ ।

दलित जातिको यथार्थ बुझ्न एकै पक्ष वा कोणबाट मात्र अध्ययन र  चिन्तनलाई एकाकार गरी जानकारी लिएको छ । परिवर्तनको विषयवस्तु  सामाजिक विज्ञानको क्षेत्रभित्र पर्ने भएकाले गतिशीलताको चिन्तनबाट पनि उपर्युक्त विषयलाई प्रष्ट्याउने प्रयास  गरिएको छ ।

Paulo Freire को दलित शिक्षण विधि : सन १९६७ मा Pedagogy of the oppressed पुस्तक प्रकाशित गर्दै Paulo Freire ले दलित समुदायलाई शैक्षिक उपयोग गर्दै आफ्ना अधिकारका लागि संगठित हुन सन्देश दिइन्छ । विद्यमान शैक्षिक संरचना प्रति Freire असन्तुष्टि पैदा गर्दै भन्छन् । वर्तमान वैज्ञानिक शिक्षा उत्पिडितको शिक्षा हो । यसले उत्पिडितलाई हित गर्दैन । सर्वप्रथम उत्पिडितलाई मुक्तिको शिक्षा चाहिन्छ त्यसको लागि उत्पिडितको शिक्षालाई अन्तरदृष्टिबाट

चेतनाको द्वार खुल्छ र मुक्तिको लागि सकृयता शुरु हून्छ । अन्तरदृष्टिको अर्थ सामाजिक राजनैतिक, आर्थिक अर्न्तविरोधबारे पूर्ण जानकारी गरेर यथार्थलाई आकर्षण गर्ने तत्वका लागि प्रयासरत  हुनु हो । Freire को शब्दमा शिक्षा स्वतन्त्रताको अभ्यास हो । अभ्यास नै बन्द भएपछि स्वतन्त्रताको अर्थ हुदैन । शिक्षाबाट स्वतन्त्रता प्राप्त गर्न मुक्तिको तरिका सिक्नु पर्दछ । मानव उत्पिडित छ , हिंसाको सिकार भएको छ । मुक्तिको बाटोमा तगारो तर्सिएको छ । यसै तगारोसँग जुझ्ने ज्ञान शिक्षाबाट पाउनु पर्छ । हिंसा कमजोरबाट कहिल्यै हुदैन , बलियाबाट हुन्छ । बलियो वन्ने तरिका शिक्षाले प्रदान गर्नु पर्छ । अनिमात्र हिंसाबाट बच्न सकिन्छ । मुक्तिका लागि शक्ति चाहिन्छ । शक्तिबाट नै परिवर्तन आउछ । अहिलेसम्म शक्तिको प्रयोग बलियोबाट हुदै आइरहेको छ । शिक्षाले उत्पिडितलाई शक्ति प्रदान गर्नु पर्दछ (वाक्ले, कार्की, २०५५)

मार्क्सवादीहरुको सामाजिक विभेदीकरणको सिद्धान्त मार्क्सवादी सिद्धान्तका प्रवर्द्धकहरुलमा कार्लमार्क्स, एंगेल्स, लेनिन, स्टालिन र माओलाई मानिन्छ । द्वन्द्वात्मक भौतिकवादमा विश्वास गर्ने मार्क्सवादीहरु मानव विकासको क्रमसँगै समाजमा २ वर्ग सिर्जना भएको मान्दछन् , शाषक र शाषित अर्थात शोषक र शोृषित । उनीहरुका अनुसार वर्गिय समाजमा परिश्रमीवर्गको एक समूह वन्दछ  भने परिश्रम नगर्ने र अल्छी र शोषकको अर्को समुह हो । अल्छेहरु र राज्यसत्ता हातमा लिएर परिश्रमीवर्गलाई शोषण गर्दछन् र समाजका दुई वर्ग शोषक र शोषितमात्र   होइन, झन फाटो बन्दै जान्छ । समाजमा आफ्नो अस्तित्व कायम राखी निम्नवर्गहरुमाथि शासन गर्ने विभिन्न सामाजिक, आर्थिक, सांस्कृति र राजनैतिक बारवन्देजरुपी नियमकानूनहरु स्थापित गर्दै आएकाले वर्तमान अवस्थामा समेत निम्न वर्गिय जातजातिहरु राज्य सत्ताको मूलधारमा नआएका हुन् भन्ने अभिमत मार्क्सवादीहरुको छ ।

विद्यमान नेपाली हिन्दुवादी सामाजिक संरचनालाई नियाल्दा कतै मार्क्सवादीले भनेझै माथिल्लो वर्गद्वारा संचालित राज्यसत्ता भएको कारण उत्पित जातिहरु राज्य सत्ताको मूल प्रवाहमा समाहित हुन नसकेका पो हुन् कि ? राज्यको नीति निर्माण तहमा तल्लो वर्गका मानिसको पहुँचमा कमी रहेको कारण सामाजिक विभेदीकरणको दुरी झन फाटो त भएको होइन , यि नै प्रश्नहरुको कसीमा खानीभन्ज्याङ्ग स्रोतकेन्द्र भित्रका दलित जातिका बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको छ ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

नेपाल अधिराज्यको जातीय संरचना भित्र झण्डै ७५ भन्दा बढी जातपातका समुदायहरु बसोबास गरेको पाइन्छ (पाण्डे २०५८) । तसर्थ नेपालमा बसोबास गर्ने समग्र जातजातिहरुको अध्ययन बिना नेपाली समाज र नेपाली संस्कृतिको अध्ययन सम्भव छैन । समस्त जनजातिहरुको सामाजिक, सांस्कृतिक,आर्थिक, शैक्षिक पक्षको सुहाउदो कार्यक्रम निर्माण एवम् संचालन गर्न समेत असम्भव हुन्छ । यद्यपि नेपालमा कतिपय यस्ता समस्याहरु समाधानार्थ आयोगद्वारा शैक्षिक वातावरणको निर्माण, पाठ्यपुस्तकको परिमार्जन, परिवर्तनका लागि तयारी लगायतका शिक्षालयमा विशेष प्रवन्ध, विशेष आर्थिक व्यवस्था र दलित सीपको संरक्षण र सम्वर्द्धन जस्ता ६वटापक्षहरु ध्यानाकर्षण गराइएको छ । शर्मा एण्ड शर्मा, (२०५८) का विचारमा जबजब देशहरु सकृय विकासमा र ज्ञानमा अघि बढ्दै गए । अविकसित देशहरुलाई झन झन चिन्ता बढ्दै गयो । गतिशील विश्वमा आर्थिक, वौद्धिक चेतनाको असमानतामात्र नभई शैक्षिक प्रजातान्त्रिक आवश्यतालाई पनि महशुस गरियो , समाजमा देखिएको असमानता ले ज्यादै चिन्तित बनायो । समाजमा उच्चकांक्षि र निम्न कांक्षी समूहको निर्माण गऱ्यो । मालिक वर्ग र दास वर्गमा भिन्नता ल्यायो । जुन स्थिति हटाउन शिक्षा निम्न वर्गसम्म पुऱ्याउनु पर्दछ । थापा (२०५८) अनुसार दलित जातिका बालबालिकाहरुलाई विद्यालय शिक्षाको अवसर प्रदान गर्न उनीहरुको

विस्तृतरुपमा घरधुरी सर्वेक्षण गरिनुपर्छ । जसबाट उनीहरुको वास्तविक आयस्तर र सामाजिक परिवेशलाई उपचारात्मकरुपमा विश्लेषणको आधारमा दलित समुदायको सहभागितामा विस्तृत पँचवर्षीय योजना तर्जुमा गरी निम्नअनुसार कार्य तर्जुमा गर्नु पर्छ । जातीय भेद हटाउन व्यापक स्थितिमा प्रचार गोष्ठीको आयोजना गरिनुपर्दछ । दलितको आर्थिक स्थितिमा सुधार ल्याउन जग्गा एवम् आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने । दलित समुदायको शैक्षिक चेतनास्तर उकास्नु पर्ने । माथिल्लो जातिको चाकरी गर्ने प्रथा हटाउनु पर्ने । दलित वर्गलाइ अनिवार्य प्राथमिक शिक्षा उपलब्ध गराउन प्रतिवद्धता जाहेर गरिनु पर्ने । विद्यालयमा एक जना दलित शिक्षकको व्यवस्था गरिनु पर्ने ।

यसरी शोधकर्ताले ओखलढुंगा जिल्लाको दलितको अध्ययन गरेर पनि अध्ययनको परिणाम भने समग्र नेपालकै दलित जातिको स्थिति प्रतिविम्वकोरुपमा प्रस्तुत गरेका छन् । शोधकर्ताले दलित जातिको समस्या समाधानार्थ दलित अभिभावकलाई आर्थिक रकम प्रदान गर्नु पर्ने र विद्यार्थीलाई पनि छात्रवृत्ति प्रदान गर्ने कुरा व्यक्त गरेका छन् । जुन कुरो नेपाल परिप्रेक्षमा कठिन जस्तो देखिन्छ । यसो गर्नु भन्दा दलित छात्र छात्रालाई लेखपढ गर्न पुग्ने किसिमले छात्रवृत्ति दिइनु तथा दलित अभिभावकलाई आय मुलक कार्यमा अघि बढाउन र सहयोग पुऱ्याउनु जस्ता कुरा महत्वपूर्ण हुन जान्छ । खोजको सम्बन्धमा पनि विद्यालयमा अध्ययन गर्ने दलितवर्गका बालबालिकाहरुलाई मात्र व्यवस्था गर्नु भन्दा सकभर सबैलाई व्यवस्था गर्नु राम्रो हुन्छ अन्यथा अन्य बालबालिकाहरुमा हिनता बोध बढ्न सक्छ । जे होस प्रस्तुत शोधपत्रले ओखलढुंगा जिल्लालाई केन्द्रविन्दु वनाएर भए पनि समग्र दलित जातिहरुको स्थिति चित्रण गर्न प्रयास गरेको कुरा पुष्टि हुन्छ । खनाल २०५८ का अनुसार दलित जातिका विद्यार्थीलाई प्राथमिक विद्यालय शिक्षामा सकृय सहभागी बनाउन र शैक्षिक उपलब्धी स्तर बढाउन दलित छात्रवृत्तिले पारेको प्रभाव अप्रकाशित शोध पत्रले दलित जातिको विद्यार्थीलाई सोचे जस्तो उपलब्धी हासिल

गराउन नसकेको कुरा व्यक्त गरेका छन् । अव्यवहारिक छात्रवृत्ति वितरण प्रणाली, न्यून छात्रवृत्ति कोटा एवम् रकमको कारण अपेक्षित उपलब्धी हासिल नभएको श्री खनालको अभिमत छ । छात्रवृत्तिकोटाको साथै रकमको वृद्धि गराउनु पर्ने, शैक्षिक वर्षको शैक्षिक सत्रको शुरुमा रकम वितरण गर्नु पर्ने, शैक्षिक जागरण ल्याउन चेतनामूलक कार्यक्रम दिनु पर्ने सुझाव श्री खनालको छ ।

अधिकारी (२०५७) ले कुसन्डा जातिको संस्कृतिमा आधुनिक शिक्षा नामक एक विश्लेषणात्मक अध्ययनमा लोपोन्मुख कुसुन्डा जातिको बारेमा अध्ययन अनुसन्धान गरेर एउटा भिन्नै प्रकारको सिर्जना दिनु भएको छ । उक्त शोध अनुसन्धानमा भनिएको छ । कुसुन्डा जाति निसन्देह बनमान्छे हुन् । तर संस्कृतिमा स्तरीकरण तथा सामाजिकीकरण होइन । वनमान्छे तर माग्ने, पंक्षीको सिकार गर्ने जिरह र जवरजस्ती नगर्ने सामाजिक सम्बन्ध भएका तर आफ्नो प्रजातीय अस्तित्व गुमाउन पुगेका वनमान्छेको आफ्नै मौलिक भाषा, संस्कृति बचाउन घरेलु सीप मूलक पद्धतिलाई शैक्षिक व्यवस्थापनमा समावेश गरिनु पर्ने कुरामा शोधकर्ताले जोड दिनुभएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

Schooling and the Dalits of Nepal: A Case study of Bunkita Dalit Cummunity नामक शोधपत्रमा शैक्षिक पद्धति भित्र समग्र नेपाली जातिको समान पहुँच नरहेको तथ्य उद्घाटित गर्नु भएको छ । शैक्षिक सहभागीका लागि आर्थिक असमानतामात्र होइन जातीय असमानता समेत बाधक रहेको कुरा शोधकर्ताकै शब्दमा यसरी प्रष्ट हुन्छ । A Nepalis religious and cultural values that some are born with a silver spoon in there month and othre with hand to mouth problem for minimal substince and reproduces the tensen of being equal or being unequal. यस प्रकार जन्मजात नै असमानताको शुरुवात हुने गरेको नेपाली समाजमा शैक्षिक अवसरको पहुँचमा समेत उक्त असमानताले

उल्लेख प्रभाव पारेको शोधकर्ताको ठम्याइ छ । कर्म, भाग्य पूर्व जन्मको फलको रुपमा वर्तमान जीवन भोगाइका आधारहरु हुन भन्ने विश्वास गर्ने हिन्दू वर्णाश्रम धर्ममा आधारित नेपाली समाजमा पनि दलित समुदायमा विद्यालय शिक्षाको विस्तार कसरी र किन भईरहेको छ ? शोधकर्ताको अनुसन्धानको मुख्य विषयवस्तु बनेको छ । उक्त शोधपत्रमा शोधकर्ताले दलित शिक्षाका विभिन्न समस्याहरु मध्ये दलित बालबालिकाहरुलाई विद्यालय समय अनुकुल नभएको बढी उमेरका बालबालिकाहरु र उच्च जातीय बालबालिकाहरु एउटै कक्षामा राखेर शिक्षण गर्दा अपनाइने समस्या दलितहरुको शैक्षिक पहुँच अभिवृद्धिका लागि संस्थागत आर्थिक सहयोगको अभाव, दलित विद्यार्थी र अन्य जातीय विद्यार्थी बीच सहकार्य र सहसम्बन्धको समस्या विद्यालय र दलित अभिभावक बीच उपयुक्त संचार सम्पर्क जस्ता समस्याहरु औल्याइएको पाइन्छ । उपर्युक्त समस्या समाधानका लागि निम्नअनुसार सुझाव शोधकर्ताको छ ।

खेतीपाती वा निमेकको समय अनुकूल शिक्षण समय बनाउनु पर्ने । शिक्षक तालिमको व्यवस्था गरी विभिन्न उमेर समूहका बालबालिकाहरुलाइ एउटै कक्षामा राखी प्रभावकारी शिक्षाको वातावरण बनाइनु पर्ने । संस्थागत आर्थिक सहयोगका लागि दलित सहायता कोषको स्थापना गरिनु पर्ने । दलित समुदायको शैक्षिक समस्या पत्ता लगाई समाधानको लागि सहभागितात्मक अध्ययन गरी विद्यालय अभिभावकको सम्बन्ध सुधार गरिनु पर्ने । अन्तरक्रिया, छलफल कार्यक्रम संचालन गरी दलित समस्या प्रति संवेदनशील रही समाधान प्रयास गरिनु पर्ने । दलित विद्यार्थीलाई सिकाइमा प्रोत्साहन दिने खालका प्रभावकारी मुल्यांकन पद्धति अपनाउनु पर्ने । दलीय, जातीय श्रम, सीपलाई पाठ्यक्रममा स्थान दिइनु पर्ने । रोजगारीको व्यवस्था गरी अर्थ उपार्जनको व्यवस्था गरिनु पर्ने । जातीय विभेदको अन्त्यका लागि व्यापक प्रचार प्रसार गर्न राजनीतिक कार्यकर्ता लगायत समाजका समग्र प्रवुद्ध वर्गद्वारा प्रतिवद्धता जाहेर गरी व्यापक जनजागरणका लागि पहल गरिनु पर्ने ।

यसरी दलित शिक्षामा देखिएको समस्या एवम् समाधानका उपायहरु समेत प्रस्तुत शोधपत्रमा उल्लेख गरिएको छ । जसबाट दलित शिक्षा सम्बन्धी चासो राख्ने जो कोहीलाई मार्गदर्शन गर्न उपर्युक्त शोधपत्रले उल्लेखनीय भूमिका खेलेको छ । समग्र उल्लेखित लेख एवम् शोधपत्रको समिक्षात्मक टिप्पणी गर्दा के पाइन्छ भने दलित समुदाय राष्ट्रद्वारा गरिएको विभिन्न प्रयासका बावजुद पनि आर्थिक, सामाजिक, राजनैतिक र शैक्षिक क्षेत्रमा पिछ्छडिएका छन् । उनीहरुको उत्थानको लागि ति जातिहरुकै आवश्यकता अनुकुलको जीवन उपयोगी आयमूलक शिक्षाको खाँचो देखिन्छ । यसका लागि दलित समुदायको वास्तविक जीवनपद्धति भित्र पसेर उनीहरुकै यथार्थ अवस्थाको अध्ययन गर्न जरुरी देखिन्छ ।

# परिच्छेद तिन

# अध्ययपन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत स्रोतपत्रमा अनुसन्धान ढाँचाको निर्माण गरी व्याख्यात्मक वर्णनात्मक विधि अपनाई विश्लेषण गरिएको छ । नमूना सर्वेक्षणका लागि छनौट भएका विद्यालयबाट तीन देखि पाँच शैक्षिक सत्रको तथ्यांकले दलित विद्यार्थी सहभागिताको विश्लेषणात्मक अध्ययन गरिएको छ । शोधकर्ता स्वयं अध्ययन क्षेत्र गई स्थलगत अध्ययन सर्वेक्षण, मौखिक छलफल एवम्  प्रश्नावली मार्फत संकलित अभिमतहरुको संख्यात्मक गुणात्मक दुवै पक्षबाट विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको जनसङ्ख्या तथा नमूना छनौट

यस अध्यापनका लागि आवश्यक तथ्यांकहरु प्राथमिक एवम् द्वितीय दुवै प्रकृतिका स्रोतहरुबाट संकलन गरिएको छ । सम्बन्धित विद्यालय समूदाय, जिल्ला शिक्षा कार्यालय अन्य सम्बन्धित लेख रचना, पत्रपत्रिका एवम् प्रतिवेदनहरुबाट आवश्यक सूचना एवम् तथ्यांक संकलन गरिएको छ । यस क्रममा अध्ययन क्षेत्रका जनसंख्यासँग प्रत्यक्ष भेटघाट गरी आवश्यक छलफल, विचारविमर्श, स्थलगत अध्ययन, अवलोकन, प्रश्नावलीबाट समेत तथ्यांक संकलन गरिएको छ ।

## ३.३ तथ्याङ्कका स्रोतहरु

प्रस्तुत शोधपत सम्पन्न गर्नका लागि अनुसन्धान कर्ताले निम्नानुसारका साधन प्रयोग गर्ने छ । अध्ययनलाई भरपर्दो विश्वसनीयता बनाउन अध्ययनकर्ता आफैं उपस्थित भई दलित परिवारको घर सर्वेक्षण, अवलोकन, उनीहरुका केटाकेटीको

विद्यालयमा पठनपाठनको स्थिति तथा सोसँग सम्बन्धित व्यक्तिहरुसँग प्रत्यक्ष छलफल गरी आवश्यक तथ्यांक लिइएको छ । अन्तरवार्ता छनौट गरिएको जनसंख्याबाट अध्ययनसँग सम्बन्धित विविध जानकारी लिन प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, विद्यालय जानबाट वञ्चित बालबालिकासँग प्रत्यक्ष अन्तरवार्ता मार्फत अनुभवहरु समेटिएको छ । प्रश्नावली : प्रत्यक्ष अन्तरवार्ता संभव नभएका क्षेत्रका सम्बन्धित जनसंख्याबाट प्रश्नावली मार्फत आवश्यक सूचना संकलन गरिएको छ ।

## ३.४ तथ्याङ्क संकलनका साधनहरु

अनुसन्धानकर्ताले आफूलाई आवश्यक पर्ने तथ्य, तथ्याङ्क, सुचना, आँकडा, आदि सामग्रीहरु जुटाउने साधन, विधि, तरिका, उपकरण आदिलाई तथ्याङ्कको स्रोत भनिन्छ शिवाकोटी , २०६४) । कुनै पनि अध्ययनको स्वरुप र प्रकृति अनुसार तथ्याङ्कका स्रोतहरु फरक फरक हुन्छन् । तथ्याङ्कका स्रोतहरुलाई प्राथमिक र द्वितिय गरी दुईवटा समुहमा वर्गीकरण गरिएको हून्छ । यस अध्ययनमा यिनै दुईवटा तथ्याङ्कका स्रोतहरुको प्रयोग गरिएको छ ।

## ३.५ तथ्यांक विश्लेषण प्रक्रिया

छनौट गरिएका जनसंख्याबाट प्राप्त तथ्य संकलनहरुलाई आवश्यकता अनुसार तालिकाहरुद्वारा चार्ट, रेखाचित्र, ग्राफ साथै अन्य तथ्यांक शास्त्रीय विध प्रयोग गरी विश्लेषण गरिएको छ । साथै प्राप्त जानकारीहरुलाई सैद्धान्तिक खाकाको रुपमा छनौट गरिएको फ्रेको दलित शिक्षण विधि र सामाजिक विभेदीकरणको मार्क्सवादी सिद्धान्तको कसीमा राखी अर्थ्याएर विश्लेषणनात्मक निचोड दिने प्रयास गरिएको छ । समष्टिमा दलितहरुको अनुभव यथार्थ जीवन भोगाइ र दलित बालबालिकाहरुका शैक्षिक स्थितिको यथार्थ चित्रण गरिएको छ ।

# परिच्छेद चार
# नतिजाको विश्लेषण

अध्ययन अनुसन्धानको क्रममा मुख्य शोध प्रश्न र उद्देश्यका आधारमा प्राप्त भएको तथ्याङ्क र सूचनाहरुलाई सिलसिलावद्ध रुपमा प्रस्तुतीकरण र छलफल गरिएको छ । यस परिच्छेदमा खास गरी नमुना तथ्याङ्क दाताका रुपमा रहेका शिक्षक, प्र.अ., विद्यार्थी, र विद्यालयको अवलोकनबाट प्राप्त सूचनालाई सिलसिलावद्ध प्रस्तुतीकरण र विश्लेषण गरिएको छ ।

सामान्यतया नेपालमा दलित वर्गको शैक्षिक स्थिति कमजोर रहेको विभिन्न अध्ययनहरुले देखाएको पाइन्छ । कमजोर आर्थिक र जनचेतनाको कमीले गर्दा विद्यालय जाने दलित बालिकाहरुको संख्या ज्यादै कम पाइन्छ । त्यसैले दलितहरुको विद्यालय तहको शैक्षिक अवस्था के-कस्तो रहेको छ, के-कति कारणले उनीहरुको शैक्षिक उपलब्धिको स्तर कस्तो छ र के-के पक्षहरुले प्रभाव पारेको छ भनी अध्ययन गर्नको लागि ओखलढुंगा जिल्लाको कुईभिर, पोखरे, दियाले, रातमाटे गा.वि.स. का प्रत्येक गा.वि.स.बाट १/१ विद्यालय गरी कुल ४ ओटा सरकारी विद्यालयका दलित बालिकाहरु, दलित बालिका अभिभावकहरु र शिक्षकहरुलाई नमुनाको रुपमा लिई त्यहाँबाट संकलन गरिएका तथ्याङ्कलाई विश्लेषण तथा व्याख्या गर्ने प्रयास गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको परिचय

ओखलढुंगा जिल्ला पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने सगरमाथा अञ्चलको पहाडी जिल्ला हो । यो जिल्ला दुइ निर्वाचन क्षेत्र र ५६ गा.वि.स.मा विभाजित छ यो जिल्ला बहुजाति,  बहुसांस्कृतिक, बहुधार्मिक आदिको मानिसहरुको वसोबास स्थल हो । यो

जिल्लाको ऐतिहासिक,सांस्कृतिक र भौगोलिक समग्र पक्षबाट आफ्नै पहिचान एवम् विशिष्टता रहेका पाइन्छ ।

### ४.१.१ सामाजिक अवस्था

जातिय एवं साँस्कृतिक विविभताले भरिपुर्ण यस जिल्लाको अधिकांश बासिन्दाहरुको समानिक रितिरिवाज हिन्दुधर्ममा आधारित छ । शैक्षिक दृष्टिले समेत पछि परेको यस जिल्लावासिहरुको सामाजिक परम्परा परम्परागत रुपमा चल्दै आएको देखिन्छ । सुत्केरी, प्रसुती अवस्थामा मलिाहरुलाई घरभित्र पस्न नहुने मान्यता एवं जन्ममृत्यु संकार पनि सनातन हिन्दुधर्म प्रणालीमा आधारित छ । कुल देवताको पुजा गर्ने धामी-झाँक्री, बोक्सी र भुत-प्रेत जस्ता अज्ञात शक्तिमा विश्वास गर्ने मन्त्र, जादुहरुमा विश्वास गर्ने यहाँको पुर्ख्यौली चलन अझै जिउदै देख्न पाइन्छ । वैवाहिक प्रकृया हेर्दा मागि विवाह, स्वेच्छिक विवाह, वहुविवाह जातीप्रथाहरु भेटिन्छन् उमेरको हिसावले औसतमा १५ वर्ष पुगेका केटाकेटीहरु समेत विवाह गरेको पाइनु परम्परागत सामाजिक साँस्कृतिक संरचनायुक्त समाजको प्रतिविम्व हो भन्न सकिन्छ । भाषाको दृष्टिकोणले हेर्दा नेपाली भाषा सवैको साझा भाषाको रुपमा वोलिन्छ । यसै गरी कतै-कतै मगर, राई, माझी आदि जातिहरुले आ-आफ्नै जातीय भाषा वोलेको पाइन्छ ।

### ४.१.२ आर्थिक अवस्था

जिल्लाको कुल २२५२०१ जनसंख्या मध्ये आर्थिक रुपले सक्रिय जनसंख्या ४४.७ प्रतिशत रहेको छ र यस जिल्लाको अधिकांश जनताहरुको जिविकोपार्जनको मुख्य पेशा कृषि नै रहेको तथ्य ९२ प्रतिशत व्यक्ति कृषिमा संलग्न रहेको कुरा तथ्यवाट पुष्टि हुन्छ । प्रतिशत मानिसहरु ज्याला मजदुरीमा आधारीत छन् । यस जिल्लाको कुल भू-भागको २८.७४ प्रतिशत भूमी मात्र खेति योग्य रहेको छ (

ओखलढुङ्गा जिल्लाको पार्श्वचित्र २०५९)। परम्परागत कृषि प्रणाली आकासे पानीमा निर्भर रहनु पर्ने वाध्यता, भिरालो बलौटे जमिनका कारण पर्याप्त मात्रामा कृषि उत्पादन नहुनाले करिव १९ प्रतिशत व्यक्तिहरुको उत्पादनले ६ महिना सम्म हात मुख जोर्न पुग्छ भने ४७ प्रतिशत मानिसहरुलाई ६ महिना भन्दा कम खान पुग्ने खेति उत्पादन हुने तथ्यले यस जिल्लाको कमजोर आर्थिक स्थिति प्रस्ट्याउँछ । मुख्यतया कृषि उपजमा घिउ बन्ने जडिबुटी लेकाली भेगमा वासिन्दाहरुको आयआर्जको स्रोत देखिन्छ भने होचो पहाडी भेगमा सुन्तला, आँप, केरा आदी खेतिले केहि सहयोग गरेको पाइन्छ । समग्र हातमुख जोडाइको समस्यामा संघर्षरत दलित वासिको आर्थिक स्थिति कमजोर छ । जस्को प्रत्यक्ष प्रभाव शिक्षा क्षेत्रमा परेको देखिन्छ ।

### ४.१.३ जनसंख्याको स्थिति

राष्ट्रिय जनगणना २०५८ अनुसार जिल्लाको कूल जनसंख्या २,२५,२०१ रहेकोमा पुरुष ११०१२५ र महिलाको संख्या ११५०७६ रहेको छ । जसमध्ये दलितको जनसंख्या ५८४४ रहेको छ ।

### ४.१.४ शैक्षिक स्थिति

प्रजातन्त्रको स्थापना पछि देशमा देखा परेको शैक्षिक जागरणसँगै जिल्लामा पनि विद्यालयहरु स्थापना हुँदै गए । राष्ट्रिय शिक्षा पद्धति योजना(२०२८) लागु गरियो भने आर्थिक वर्ष २०५१/०५२ देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना संचालन भई प्राथमिक शिक्षाको गुणास्तरमा सुधार, शिक्षक तालिम, स्रोत केन्द्र तथा निरिक्षणको प्रणालीमा सुधार, कार्यालय तथा कर्मचारीको कार्यक्षमता अभिवृद्धि गर्ने प्रयास भयो । फलस्वरुप जिल्लाको शैक्षिक स्थिति सुदृढ गर्न उल्लेखनीय सहयोग

पुग्यो । ओखलढुंगाको शैक्षिक स्थिति प्रतिवेदन २०६६/०६७ अनुसार जिल्लाको शैक्षिक स्थिति निम्नानुसार रहेको देखिन्छ ।

उपर्युक्त विद्यालयका अतिरिक्त यस जिल्लामा हाल १८ वटा उच्च मा.वि. ४वटा स्नातक, १ वटा स्नातकोत्तर क्यापसहरु पनि संचालित छन् ।

## ४.२ ओखलढुंगा जिल्लाका दलित बालबालिकाका शैक्षिक अवस्था

यो जिल्लाको दलित बालबालिकाहरुको वर्तमान शैक्षिक अवस्थालाई तुलनात्कमक रुपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

### ४.२.१ कूल जनसंख्या र दलितको स्थान

ओखलढुंगा जिल्लाका दलित जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिताको स्थिति पत्ता लगाई उनीहरुको शैक्षिक समस्या र समाधानका उपायहरु समेत जनसांख्यिक स्थितिको चर्चा गर्न सान्दर्भिक ठहर्छ । तुलनात्मक रुपमा राष्ट्रिय स्तर, जिल्ला स्तर र अध्ययन क्षेत्रको जनसंख्या र दलितको स्थिति निम्नानुसारको रहेको पाइयो ।

पारिवारिक सर्वेक्षण जिल्ला शिक्षा कार्यालय ओखलढुंगा २०५९ अनुसार कूल जनसंख्या र दलितको स्थान हेर्दा नेपाल अधिराज्यको तुलनामा ओखलढुंगे दलितको जनसंख्या दलितको जनसंख्या धेरै रहेको देखिन्छ । नेपालमा कूलजनसंख्याको १३.१८% र ओखलढुंगा जिल्लाको जनसंख्याको वनौटमा दलितको स्थान २५.७ प्रतिशत रहेका तथ्य तालिकाले देखाउँछ । यसै गरी अध्ययन क्षेत्रको जनसंख्याको बनावटमा दलितको स्थान जिल्लाको समकक्षी रहेका तथ्य २५.४९ प्रतिशत संख्याले पुष्टि गर्दछ ।

उपर्युक्त तालिकाले जिल्ला स्तरमा कूल विद्यार्थीको २१.२६%  दलितहरुको संख्या र अध्ययन क्षेत्रमा २३.८३% दलित विद्यार्थीले ओगटेको देखिन्छ ।

### ४.२.३ समुदाय तथा विद्यालयमा दलितको तुलनात्मक स्थिति

उपर्युक्त तालिकामा ओखलढुंगा एवम् अध्ययन क्षेत्रको समुदायमा तथा प्राथमिक विद्यालयमा दलितको स्थान कस्तो छ भन्ने तथ्यांक प्रस्तुत गरिएको छ । तालिकामा ओखलढुंगा जिल्लालाई हेर्दा समुदायमा दलित संख्या २२.१९ % देखिन्छ । यसै गरी अध्ययन स्थिति हेर्दा जिल्लाको स्थिति भन्दा भिन्न रहेन । अध्ययन क्षेत्रको समुदायमा जम्मा जनसंख्याको २२.१८% दलित बसोबास गर्दछन् । विद्यालयमा कूल विद्यार्थी संख्याको २३.८३% बालबालिकाहरु रहेबाट अधिराज्यको तुलनामा जिल्ला र अध्ययन क्षेत्रमा दलितको प्राथमिक विद्यालयमा सहभागिता कम रहेको देखिन्छ ।

### ४.२.४ ओखलढुंगा जिल्लाको जनसंख्याको जातिगत बनोट

ओखलढुंगा जिल्लाका दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिताको स्थिति पत्ता लगाउन सर्वप्रथम समुदायको जनसंख्याको जातिगत बनोटलाई प्रष्ट्याउन आवश्यक भएकाले जिल्लाका जनसंख्याको जातिगत वनावटलाई प्रस्तुत गरिएको छ ।

### ४.२.५ ओखलढुंगा जिल्लाको प्रा.वि.हरुमा विद्यार्थीहरुको जातिगत सहभागिता

विद्यालयको तथ्यांक विवरण फारम प्र.अ.हरुसँग भराइएको प्रश्नावलीहरुबाट संकलित तथ्यांकको आधारमा जिल्लाका सार्वजनिक विद्यालयहरुमा जातिगतरुपमा विद्यार्थीहरुको सहभागिता निम्नानुसार रहेको देखिन्छ ।

उपर्युक्त तालिका एवम् वृत्तचित्रमा ओखलढुंगा जिल्लाका प्रा.वि. तहका विद्यार्थीहरुको सहभागितालाई जातियताका आधारमा वर्गिकरण गरी प्रस्तुत गरिएको छ । जस अनुसार जिल्लाको कूल विद्यार्थी संख्या ३८५९७ मध्ये उच्च जातिका बालबालिकाको संख्या २४९८६ अर्थात ६४.७४% रहेको पाईयो । जिल्लाका समुदायमा जम्मा जनसंख्या २२५२०१ मध्ये १३९८९६ अर्थात ६२.१२% स्थान ओगटेको उच्च जातिका बालबालिकाहरुको  सवैभन्दा बढी सहभागिता देखिन्छ । यसै गरी जिल्लाको कुल जनसंख्याको ११.५५ प्रतिशत रहेको जनजातीहरु रहेको विद्यालयमा सहभागिता हेर्दा कुल विद्यार्थीको ३.२४ प्रतिशत सहभागि रहेकाले दोस्रो स्थान देखिन्छ । यसैगरी समुदायमा जिल्लको कुल जनसंख्याको २५.७८ प्रतिशत स्थान ओगटेको दलित समुदायका वालवालिकाहरुको विद्यालय भित्र हेर्दा कुल विद्यार्थीको जम्मा २१.०१ प्रतिशत सङ्ख्या देखिन आउँछ । जसबाट प्रा.वि.तहमा सबैभन्दा कम सहभागिता दलितजातिको रहेको पुष्टि हुन्छ । यस तथ्यांकलाई तुलनात्मकरुपमा निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ । यसैगरी ओखलढुंगाको प्रा.वि.तहमा दलित विद्यार्थी सहभागिताको स्थितिलाई अझ स्पष्ट पार्नको लागि शैक्षिक सत्र ०६१/०६२, ०६३/०६४ मा ३ वर्षको तथ्यांक निम्न अनुसार प्रस्तुत गरिएको छ ।

माथिको तालिका नं. ८  तथा स्तम्भ चित्र नं.३ ओखलढुंगा जिल्लाको कूल विद्यार्थी संख्यामा दलित विद्यार्थीको सहभागिता कस्तो छ भन्ने तथ्य ३ शैक्षिक सत्रको तथ्यांकबाट देखाउछ । शैक्षिक सत्र ०६१/०६२ मा कूल विद्यार्थी संख्याको २२.२४% दलित विद्यार्थी अध्ययनरत देखिए भने शैक्षिसत्र ०६३ मा सो संख्या बढेर २४.०५%

पुग्यो । तर पूर्ण शैक्षिक सत्र २०६४ मा घटेर २१.३६% मा ओर्लियो । यसबाट दलित विद्यार्थी सहभागितामा उतारचढाव रहेको देखिन्छ । जिल्लाको कूलजनसंख्याको २५.७८% स्थान ओगट्ने दलित विद्यार्थी संख्या कूल विद्यार्थी संख्याको ३ शैक्षिक सत्रको औसतमा २३% रहनबाट अन्य जातिको तुलनामा दलितहरुको शैक्षिक सहभागिता न्यून रहेको प्रष्टिन्छ ।

### ४.२.६ अध्ययन क्षेत्रको जनसङ्ख्याको जातीगत संरचना र दलितको स्थान

अध्ययन क्षेत्रको जनसंख्याको वनोटमा दलित जातिको स्थिति कस्तो छ भनि गरिएको अध्ययन वा विद्यालयद्वारा तयार पारिएको पारिवारीक सर्वेक्षण फारम२०६५मा निम्नानुसार रहेको पाइयो ।

माथिको तालिका एवम् वृत्त चित्रका अनुसार अध्ययन क्षेत्रको कूल जनसंख्या १३१८६ मध्ये दलित जातिको संख्या ३३३० अर्थात २५.२६ प्रतिशत रहेको समग्र जिल्लाको जनसंख्याको वनोट जस्तै अध्ययन क्षेत्रमा पनि पहिलो स्थानमा उच्च जातिको संख्या रहेको छ भने दोस्रो स्थानमा दलितहरुका र तेस्रो स्थानमा जनजातिको संख्या रहेको छ ।

### ४.२.७ अध्ययन क्षेत्रको प्राथमिक विद्यालयमा दलित विद्यार्थीको सहभागि स्थिति

अध्ययन क्षेत्रको प्रा.वि. तहहरुमा विद्यार्थीहरुको जातिगत सहभागिता सम्बन्धमा अध्ययन सर्वेक्षण गर्दा निम्न अनुसार रहेको पाइयो ।

माथिको तालिका एवम् वृत्तचित्रले के प्रष्ट गरेको छ भने विद्यालय सहभागिता समग्र जिल्लाको स्थिति झैं अध्ययन क्षेत्रमा पनि उच्च जातिका बालबालिकाहरुको सहभागिता बढी देखिन्छ । कूल विद्यार्थी संख्याको ६१.९९% उच्च जातिका, १४.१९%

जनजाति तथा २३.८२% दलित जातिका बालबालिकाहरुको सहभागिता भएको पाइयो । यसप्रकार जातिगत जनसंख्या र सो अनुरुप विद्यालयमा भएको सहभागितालाई अझ प्रष्ट पार्न तुलनात्मक रुपमा निम्न अनुसार प्रस्तुत गरिन्छ ।

उपर्युक्त उच्च जातिको शैक्षिक सहभागिता सबभन्दा बढी रहेको देखाउदछ । अध्ययनको क्षेत्रको कूल जनसंख्याको ६०.७५% रहेको यस जातिले विद्यालयको कूल विद्यार्थी संख्या मध्ये ६१.९९% स्थान ओगटेको देखिन्छ । यसैगरी समुदायमा १९.९९% स्थान रहेको जनजातिको विद्यालयमा १४.१९% र समुदायमा २५.२६% जनसंख्याको हिस्सा ओगट्ने दलित जातिको भने विद्यालयका कूल बालबालिकाहरु मध्ये २३.८२% संख्या रहेको पाइयो । यस प्रकार सवैभन्दा कम सहभागिता अन्यजातिको तुलनामा दलितहरु नै रहेको पाइयो । यसप्रकार सवैभन्दा कम सहभागिता अन्य जातिको तुलनामा दलितहरु नै रहेको देखिन्छ ।
फ्रेले भनेझैं दलितको शैक्षिक चेतना कमी र मार्क्सवादीको सामाजिक विभेदीकरणको सिद्धान्त अनुसार जातीय विभेदले दलितहरुको शैक्षिक सहभागितामा समेत प्रभाव पारेको देखियो ।

### ४.२.८ अध्ययन क्षेत्रको प्राथमिक विद्यालयमा दलित विद्यार्थी सहभागिताको स्थिति

अध्ययन क्षेत्रको प्रा.वि. तहमा दलित जातिको सहभागिता के कस्तो रहेको छ भन्ने सम्बन्धमा अध्ययन गर्न ५ शैक्षिक सत्रको विद्यार्थी भर्ना विरवरण लिइएको थियो जन निम्नअनुसार छ ।

उपर्युक्त तालिकाले शैक्षिक सत्र ०६१/०६२ मा कूल विद्यार्थी संख्याको २६.०५% दलित विद्यार्थी रहेकोमा शैक्षिक सत्र २०६६ मा त्यो घटेर २३.८२% रह्यो । यसबाट अन्य जातिको अनुपातमा दलित विद्यार्थी सहभागिता बढ्न सकेन । यसरी अन्य जातिका विद्यार्थी र दलित विद्यार्थी सहभागिता तुलना गर्दा विद्यालय शिक्षामा

दलितको सहभागिता निरासाजनक स्थिति रह्यो । यो स्थितिलाई हेर्न जिल्ला र अध्ययन क्षेत्र गरी दुई क्षेत्रको कक्षागतरुपमा दलितको स्थानलाई तुलनात्मक रुपमा यसप्रकार प्रस्तुत गरिएको  छ ।

प्रस्तुत तालिकामा प्राथमिक विद्यालयमा भर्ना भएका दलित बालबालिकाहरुको कक्षागत विद्यार्थी विवरणलाई अध्ययन क्षेत्र र जिल्ला स्तरको तुनात्मकरुपमा प्रतुत गरिएको छ । समग्रमा यी दुईवटै क्षेत्रको स्थिति एकै प्रकारको देखिन्छ । कक्षा १ मा पुग्दा विद्यार्थी संख्याको अध्ययन क्षेत्रमा २४% प्रतिशत दलित विद्यार्थी रहेकोमा कक्षा ५ मा पुग्दा कूल विद्यार्थी संख्याको २१% विद्यार्थी देखियो । यसै गरी जिल्ला स्तरमा कक्षा १मा सम्पूर्ण विद्यार्थीको ३१% छात्र छन् भने कक्षा ५ मा २१% मात्र छन् । यसबाट दलित विद्यार्थीको कक्षा छाड्ने दर अन्य विद्यार्थीको भन्दा बढी भएको पुष्टि हुन्छ ।

### ४.२.९ विद्यालय बीचमै छाड्ने विद्यार्थीको विवरण

विद्यालय भर्ना भएपनि विभिन्न कारणबाट पढाई छाड्ने  विद्यार्थीको संख्यात्मक स्थिति हेर्दा निम्नअनुसार पाइयो ।

माथिका दुइवटै तालिकाले दलित तथा जम्मा विद्यार्थी मध्ये कतिले विद्यालय छाड्छन् भन्ने तथ्यांक देखाउदछ । तालिका अनुसार अध्ययन क्षेत्रको शै.स. ०६१/०६२मा कूल विद्यार्थीको १८% ले विद्यालय छाड्ने देखिन्छ भने दलित विद्यार्थी तर्फ २१% ले शैक्षिक सत्र २०६६ मा कूल विद्यार्थी  तर्फको विद्यालय छाड्ने दर २५%  छ भने दलित तर्फ २५% छ । यस तथ्यांकबाट पनि दलित विद्यार्थीको विद्यालय छाड्ने दर बढिरहेको पुष्टि हुन्छ ।
यसैगरी जिल्ला स्तर र क्षेत्रस्तर Drop out rate (१-५) सँग अध्ययन क्षेत्रको तुलनात्मकरुपमा तलको तालिकाले प्रस्ट्याउछ ।

माथिको तालिकाले Drop out rate बढ्दै गएको देखिन्छ । उपर्युक्त कक्षामा Drop out rate कक्षा १ देखि बढिरहेको देखिन्छ । ओखलढुंगा जिल्लमा ३६.६८% अध्ययन क्षेत्रको ३४.३६% र अध्ययन क्षेत्रको दलितको २४.८६% Drop out rate रहेको पाइयो ।

यो तथ्यांकले के देखाउछ भने सरकारले दलित छात्रवृत्तिको व्यवस्था गरेर पौष्टिक आहार, छात्रहरुलाई खाने तेल वितरण गरेर प्राथमिक शिक्षामा आकर्षित गर्दा गर्दै पनि निरासाजनकरुपमा विद्यार्थीहरु विद्यालयबाट बाहिरी रहेका छन् । विद्यार्थीहरु यसरी विद्यालयबाट बाहिरीने अवस्था निश्चय पनि सोचनीय विषय बनेको छ । किन दलित केटाकेटीहरु विद्यालयबाट तर्सिए ? के ले तर्साइयो तिनीहरुलाई ? प्राथमिक तहको शिक्षा पूरा गर्न नपाउदै के ले तगारो लगाइयो उनीहरुको शिक्षामा ? यस प्रकारका जिज्ञासाहरु सम्बन्धित पक्षहरुसँग राख्दा अभिभावकहरुको गुनासो थियो- शिक्षकहरुले राम्रो पढाएनन्, विद्यालयले अन्य जातिको सरहमा व्यवहार गरेनन्, घरको कामले सँधै स्कूल पठाउन सकिएन, कापी किताब जोहो गर्न सकिएन, स्कूल ड्रेस बनाउन सकिएन । यस्तै यस्तै कारणहरुले विद्यालय भन्दा घरकै काममा लगाउनुपर्ने परिस्थिति रह्यो । कतिपयले स्कूल भन्दा पहिले पेटको व्यवस्थाका लागि ज्याला, निमेक गर्नु पर्ने भएकाले भाइबहिनीको हेरचाह गर्नु पर्ने हुँदा उमेर स्कूल उमेरका नानीहरुलाई नियमित स्कूल पठाउन नसकिएको बताए विद्यालय छाड्न बाध्य भएका केटाकेटीहरु आफ्नो वेदना र दुखेसो पोख्दै समयमा नाम नलेखाएर, कापी कलम नभएर, घरको कामले गृहकार्य गर्न नपाउँदा, स्कूलमा सरहरुको हप्काइले, अनि सँधै स्कूल जान नपाउदा गयल भइने र गाली खाइरहनुभन्दा स्कूलै नगएको हो भन्ने प्रतिक्रिया व्यक्त गरे ।

विद्यालयका प्र.अ. एवम् शिक्षक शिक्षिकाहरु शैक्षिक चेतनाको अभाव र आर्थिक समस्याको कारण अझै पनि दलित बालबालिका विद्यालयबाट बाहिरीनु पर्ने बताउँछन् ।

साँच्चीकै आर्थिक दुरावस्थामात्रै हो त दलित शिक्षाको अवरोध ? मार्क्सवादी दर्शन अनुरुप सामाजिक संरचनामा पुस्तौदेखि पिछडिएको दलित जातिको दरिलो आर्थिक आधार आम्दानीको स्रोत नहुनु पनि बाधक देखिन्छ । सरकारी सहयोगको सहारा लिदै प्राथमिक तहको शिक्षाको उपयोग गर्न सक्ने स्तरका दलित पनि सो अवसरको उपयोग किन गरिरहेका छैनन् ? भन्ने सन्दर्भमा फ्रे (१९६७) को चिन्ता झै यिनीहरु आत्मा सचेतिकरणको अभावमा प्राथमिक शिक्षाको महत्व नबुझेर विद्यालयलाई वेवास्ता गरेका हुन । पढेर काम छ र ? भन्ने अधिकांश अभिभावकहरुको अवधारणाबाट वर्तमान शिक्षा पद्धतिले उनीहरुको व्यवहारिक ज्ञान र सीपलाई नसमेटेको र अव्यवहारिक हुँदा शिक्षा प्रति दलित आकर्षण नबढेकाले भर्ना दरमा Drop out rate बढिरहेको पाइयो ।

### ४.२.१० विभिन्न शैक्षिक सूचकको आधारमा प्राथमिक शिक्षामा दलित विद्यार्थी सहभागिता

उपर्युक्त तालिकाले विभिन्न सूचकको आधारमा विभिन्न क्षेत्रको शैक्षिक स्थिति तुलनात्मकरुपमा प्रस्ट्याएकोछ । सहजै देखिने भर्ना दर हेर्दा विद्यालयको उमेर भन्दा बढी उमेरका बालबालिकाहरु भर्ना हुने गरेका पुष्टि हुन्छ । यसै गरी जिल्लाको तुलनामा अध्ययन क्षेत्र र अध्ययन क्षेत्रको दलितहरुको सहजै देखिने भर्ना दर कम देखिन्छ । जिल्लाको तुलनामा २३.७ को नजिक १२०.५ रहेको छ । यसै गरी विद्यालय छाड्ने दरमा जिल्ला स्तरको भन्दा अध्ययन क्षेत्रको १०.४६ले बढी देखिन्छ । जसबाट शैक्षिक लगानी खेर गईरहेको प्रमाणित हुन्छ । अध्ययन क्षेत्रको दलितको Drop out rate अध्ययन क्षेत्रको कूल विद्यार्थी भन्दा १.५ ले मात्र दलितको बढी

रहेको देखिन्छ । दलित विद्यार्थीहरुको उत्तीर्णदर भने अध्ययन क्षेत्रको अन्य जातिको तुलनामा १५.२८ ले कम देखिन्छ । कक्षा १मा भर्ना भएकाहरु मध्ये जम्मा २० देखि ३०% ले प्राथमिक शिक्षा नियमितरुपले उत्तीर्ण गर्ने गरेको देखियो । बाँकी ७० देखि ८०% विद्यार्थी कक्षा दोहोऱ्याउने, विद्यालयनै छाड्ने गरेको देखियो ।

## ४.३ प्राथमिक शिक्षामा दलित सहभागिता कम हुनका कारणहरु

ओखलढुंगा जिल्लाका दलित बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता अन्य जातिको तुलनामा न्यून रह्यो भन्ने कुरा विभिन्न तालिकाहरुले व्यक्त गरेका छन् । दलित सहभागिता वृद्धि गर्न गरिएका प्रयत्नका बाबजुद पनि किन उनीहरुको शिक्षामा पहुँच बढ्न सकेन ? यही प्रश्नलाई केन्द्र विन्दु बनाएर अध्ययन क्षेत्रमा छनोट गरिएका जनसंख्याबाट प्राप्त अभिमतलाई निम्नअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

उपर्युक्त अध्ययन क्षेत्रको जनसंख्याले दलितहरुका शैक्षिक क्षेत्रका समस्याहरु निम्न अनुसार प्रस्तुत गरे । जनसंख्याको प्राथमिकता अनुसार छनोट गरिएका दलितहरुको शैक्षिक समस्यालाई विश्लेषण गर्नका लागि कसरी उपर्युक्त कारणहरु बाधक भए त ? भनी प्रश्न गरिएको थियो । सो जिज्ञासामा समबन्धित जनसंख्याबाट प्राप्त अवधारणाहरुलाई प्रस्तुत गरिन्छ ।

### ४.३.१ दलित शिक्षामा प्रमुख बाधक गरिबी

अध्ययन क्षेत्रका जनसंख्या मध्ये छनोट गरिएका ९०जना मध्ये ३२ जना अर्थात ३५.५५% द्वारा आर्थिक समस्या नै दलितको शैक्षिक पहुँचको मुख्य बाधक रहेको धारणा व्यक्त गरियो । आर्थिक अभावले कसरी विद्यालय जान राक्यो त ? भनी सोधिएको प्रश्नमा सम्बन्धित पक्षको निम्न अनुसारको अभिमत रह्यो । विद्यालय

जानका लागि आवश्यक कापी किताब, ड्रेस, परीक्षा शुल्क तिर्न असंभव हुनु । दलित अभिभावकले हात मुख जोर्ने समस्या टार्न मेला, खेताला, मजदुरी, निमेक गर्नु पर्ने हुँदा घरको काममा केटाकेटीलाई लगाइ विद्यालय पठाउन नसक्नु । १०-१२ वर्षको उमेरमा दलित केटाकेटीहरु स्वयं ज्याला मजदुरी गर्न बाध्य हुनु । रोजगारका लागि अधिकांश दलित अभिभावकहरु विदेशीनु जसबाट घरको काम र खेतीपातीको जिम्मा आइमाइ, केटाकेटीको काँधमा परेर फुर्सद नहुनु । घरमा पढ्ने वातावरण नहुनु , पढाइ लेखाइ भन्दा हातमुख जोर्न सहायोग गर्ने आम्दानी लागि कमाउन काममा लाग्नु पर्ने वाध्यात्मक स्थिति हुनु । सरकारद्वारा प्रदान गरिएको छात्रवृत्ति रकम समयमै उपलब्ध नगराइनु, समयमै वितरण नगरिनु, रकम अत्यन्तै कम हुनु ।

यसप्रकार गरिबीको पिडाले दलितलाई पोल्यो , हातमुख जोर्ने समस्याले पिरोल्यो, साँझ विहान छाक टार्न समस्याको अगाडि उज्वल भविष्यको आशामा दिइने शिक्षाले साथ दिएन । विद्यालय शिक्षाको ढोका दलितहरुको पेशाका लागि वर्जित जस्तै भयो ।

हिन्दुवर्णाश्रममा आधारित समाजले श्रम विभाजनको नाममा दलितलाई कठोर शारीरिक श्रमको जिम्मा त लाग्यो तर उचित ज्याला दिइएन । दलितको श्रमले उचित मूल्य पाएन । पुर्ख्यौली पेशा जसले हातमुख जारार्इको संघर्षबाट कहिल्यै उम्कन पाएन । कार्लमार्क्स इ.पू. (१८१८-१८८३) को अतिरिक्त मुल्यको सिद्धान्त अनुसार मालिक वर्गले श्रमिकको श्रमको समयानुसार उचित मूल्य नदिइ ठगिरहेको हुन्छ जसबाट मालिक वर्गको अतिरिक्त मुनाफा कमाइ शक्तिवान बन्छ । श्रमिक वर्ग श्रमको शोषको मारमा परी आजीवन श्रम गर्दासमेत हरपेटको जोहो गर्न धौधौ पर्छ (डा. शिवाकोटी २०५९) यसरी आर्थिक अवस्थाले शिक्षामा साथ दिएन दलितलाई । शिक्षाले साथ नदिएकै कारण उनीहरुका सीपहरुले

आधुनिकीकरण पाएनन् । नयाँ प्रविधि उत्पादन, मुलुक औधोगिक अवसरले दलितहरुलाई सहयोग गरेन । जसबाट समाजमा धनी र गरिबको बीचको फाटो झन झन टाढिदै गयो । यसरी वगभेदले दलितलाई हेप्यो । वर्तमान प्रजातान्त्रिक युगमा सवैलाई आधारभूत शिक्षाको अवसर भने तापनि दलितको अर्थिक अवस्था उकास्ने प्रयास नभए सम्म यो साक्षरता अभियानले सार्थकता नपाउने कुरा प्रायः निश्चित रहेको देखियो ।

### ४.३.२ विद्यालय शिक्षा

वर्तमान शिक्षा पद्धति पाठ्यक्रम ले सिर्जना गरेका समस्याहरु अध्ययनका जनसंख्याको दोस्रो छनोटमा परेर विद्यालय शिक्षालेसमेत दलित शिक्षालाई प्रभावित गरेको पाइयो । ९० जना मध्ये २३ जनाले अर्थात २५.५६% वर्तमान शिक्षा पद्धति पाठ्यक्रम दलितहरुको आवश्यकता अनुकूल नभइ दिदा पढेर के काम छ ? भन्ने गरेको समेत देखियो । उनीहरुको पुर्ख्यौली सीपले नै उनीहरुको जीविकोपार्जनमा सहयोग पुर्‍यायो । शैक्षिक वेरोजगारीको उत्पादक वर्तमान अनुत्पादक शिक्षामा लगानी हिचकिचाएको पाइयो । यसका साथै विद्यालयले दलित शिक्षामा साथ नदिएको कुरा निम्नअनुसार अभिमतले पुष्टि गर्द, विद्यालयबाट दलितका छोराछोरीलाई निरन्तर प्रेरणाको अभाव हुनु, अन्य जातिका विद्यार्थी सरह माया ममता र सम्मानजनक व्यवहार विद्यालयले नगरेको । घरायसी काम धन्दाले विद्यालय नियमित आउन नसक्ने बाध्यात्मक परिवेश, विद्यालयले नबुझी एकोहोरो गाली हप्काई खानु पर्ने अवस्थाको सिर्जना हुनु । घरायसी शैक्षिक वातावरण उपयुक्त नहुदाँ, नियमित विद्यालय नआउदा, गृहकार्य समेत गर्न नपाउँदा पढाईमा कमजोर हुँदै विस्तारै हतोत्साही भई विद्यालय प्रति नै वितृष्णा जाग्ने स्थिति पैदा हुनु । अन्य जातिका बालबालिकासँगसँगै वस्ने खेल्ने र खाने वातावरण नहुनु । कक्षामा पछाडिका वेन्चमा वस्नुपर्ने, अन्य जातिसँग सहकार्य गर्न स्वंयम् दलित नै हिचकिचाउने स्थिति रहनु । बालमनोविज्ञानकाआधारमा दलित बालबालिकाहरुको

दविएको क्षमता रुची, चाहना बुझी तदनुरुपको शिक्षण प्रक्रियाको अभाव हुनु । विद्यालयका पाठ्यक्रममा दलितको सीप र श्रमलाई नसमेटिनु । मान्छे मान्छेबीच भेदभाव गरिनु हुदैन भनेर विद्यार्थीमा मानवीय भावनाको जागरण गर्न विद्यालयले नसक्नु । विभिन्न परीक्षा कार्यक्रम तथा स्थानीय स्रोतबाट समेत संचालन गर्ने विद्यालयले उठाउने शुल्कको कारण । पढे लेखेर पनि वेरोजगार बसेका अग्रजहरुबाट सिर्जित वितृष्णाको कारण । क्षमता र योग्यता भन्दा पहुँच, भनसुनका भरमा सरकारी सेवामा प्रवेश पाउने विद्यमान सामाजिक विकृतिका कारण सामाजिक पहुँच नभएकाहरुले अवसर नपाउनु । पिछडिएका वर्ग र जेहेन्दार विद्यार्थीलाई प्रोत्साहनको कमी, पुरस्कार र आर्थिक सहयोगको अभाव, छात्रवृत्ति सहयोग समेत समयमा वितरण नगर्नु ।

यसरी दलितलाई विद्यालयले समेत तर्साइएको पाइयो । जहाँ आफ्नो अनुकूलको वातावरण हुदैन जहा चाहना आवश्यकताहरु बुझिदैन र उपेक्षित भइन्छ भने पक्कै पनि त्यस प्रति आकर्षणको साटो वितृष्णा जाग्छ नै । एउटै समाजको आसपासमा बसेर हुर्केका बालबालिकाहरु कोही जन्मन्दै संभ्रान्त भएर उच्च सम्मान पाउने त कोही तिरस्कार र घृणा । यस्तो परिवेश गाउँघरमा भोग्न बाध्य भएका दलितहरुले विद्यालयमा समेत सोही अवस्था भोग्न परेको देखियो । विशेष गरी स-साना कक्षामा केटाकेटी झै-झगडा गर्दा समेत दलित भएकोमा हेपेर बोल्ने गरेको पाईयो । सायद शिक्षकहरुको न्यायलयले समेत दलित विद्यार्थीको भावना अनुरुप फैसला नगरी जातिको गन्ध पिडित विद्यार्थीले महशुस गरी कतिपय विद्यार्थीहरु विद्यालयाबाट निस्केका भेटिए । तसर्थ Marry Parker Follet ले भनेझै -“यहाँ मानवीय सम्बन्धको सिद्धान्तले काम गरेको देखिएन । तसर्थ अबोध बालबालिकाले विद्यालयबाट तिरस्कृत भई अर्को चोट भोग्नु पऱ्यो ।

### ४.३.३ दलितहरुको शैक्षिक दृष्टिकोणका कारण

स्वयं दलितहरुको शिक्षा प्रतिको नकारात्मक धारणाको कारण समेत केटाकेटी पढाउन सक्ने क्षमता भएका दलितहरु आफ्ना नानीहरुलाई विद्यालय पठाउनु भन्दा काममा लगाउनु खुशी हुन्छन् । विद्यालय शिक्षाले तपाईको समाजलाई के दियो ? भन्ने जिज्ञासामा सम्बन्धित अभिभावक एवम् विद्यार्थीहरुको अभिमत यस प्रकार रहेको छ ।

पढे लेखेर आँखासम्म खुल्ने हो ? जागीर खाने गरी न हामीले पढाउन सक्छौं । पढाएर पनि अघि पछि कोही नभएका हामीलाई कसले दिन्छ र जागिर खान ? त्यसकारण पढाइमा पैसा खर्च गर्नु भन्दा बाबुबाजेको हालको सीप सिक्यो, खायो । यसै गरी बाबुआमा अशिक्षित भएका कारण बाबुआमाले नपढेर त केही भएन हामीले किन पढ्नु पर्‍यो ? भन्ने भावनाद्वारा ग्रसित हुनु हो । १२-१४ वर्ष भन्दा माथिका दाजुभाइहरु विदेशतिर गई अलिकति कमाएर तडकभडक गरेको देखि पढ्नु भन्दा त कमाउनै राम्रो भन्ने भावनाले देखासिकी गर्नु । स्कूलमा पढ्ने शिक्षाले काम गर्न सिकाउँछ र ? झनै अल्छी र सीप विहिन बनाउँछ । जति पढेपनि घरको काम नगरी खान पाइदैन भने किन व्यर्थमा समय खेर फाल्नु र ? भन्ने सोचको कारण ।

स्कूलले हाम्रो जस्तो सीपलाई अझ राम्रो बनाउन तालिम दिने भएपो पढ्नु ? भन्ने अभिव्यक्तिले दलित सीप कला कोशलतालाई पाठ्यक्रमले नसमेटेका कारण वितृष्णा जाग्नु ।

दलितले पनि पढ्नु पर्छ र ? तिनीहरुको आफ्नो पेशा छँदैछ भन्ने अन्य जातिको हेय दृष्टिकोणले समेत नकारात्मक प्रभाव पार्नु । यसरी दलित जातिको शिक्षा प्रतिको नकारात्मक सोचका कारण अधिकांश बालबालिका विद्यालयबाट विमुख रहेका पाइयो । उनीहरुको न्यून शैक्षिक चेतनाले गर्दा उपभोग गर्न सकिने शैक्षिक अवसर समेत

गुमाएको पाइन्छ । यसै सन्दर्भमा फ्रेका अभिमत झै दलितले सर्वप्रथम आफूलाई चिन्न सक्ने शिक्षा पाउनु पर्छ । आफ्नो सामर्थ्य क्षमता र औकातको बारेमा सचेत हुने अवसर पाउनु पर्छ । आफू कसरी हेपिएका, ठगिएको छु ? भन्ने कुरा स्पष्ट हुन सचेतीकरण शिक्षाको आवश्यकता छ । सचेतीकरण शिक्षाले उक्त ज्ञान दिन सक्नु पर्दछ । वास्तवमा पुस्तौपुस्ता देखि हामी अछुत जातिका हौ, आफूभन्दा माथिल्लो जातिको सेवा चाकरी गर्नु नै हाम्रो कर्म हो भन्ने मानसिकतामा हुर्केका दलित सोचमा परिवर्तन ल्याउन आवश्यक छ । सचेतीकरण शिक्षाको टट्कारो खाँचो छ । जब दलितहरु सचेत हुन्छन् अनि आफ्ना समाजमा हैसियत खोज्छन् । अनि समामाजिक अवसरको उपयोगमा भरपूर ध्यान दिन्छन् । यसकारण दलित भावनाबाट मुक्त पाइने र हामी पनि अन्य जाति सरहका हौ हामी जे पनि गर्न सक्छौ भन्ने भावनाको जागरण ल्याउने प्रकारको शिक्षा विना दलित उत्थान सम्भव छैन । यसप्रकारको भावना जागरण गर्नका लागि फ्रे तथ्यांकले झैं दलित सचेतीकरण शिक्षाको टड्कारो आवश्यकता देखियो । जसबाट उनीहरुको शैक्षिक दृष्टिकोण फराकिलो भई समग्र दलित जातिको उत्थान  हुने देखिन्छ ।

यसरी अध्ययन क्षेत्रका छनोट गरिएको ३० जना मध्ये १२ जना शिक्षक/प्र.अ. हरुले ५ जना दलित अभिभावक एवम् ७ जना विद्यार्थी गरी जम्मा २२ अर्थात ९० को २४.४५% ले दलित शिक्षाको लागि स्वयम् दलितकै दृष्टिकोण शिक्षा प्राप्तिको सोच नै बाधक रहेको कुरा तालिका नं. १९ ले समेत देखिएको छ ।

### ४.३.४ सामाजिक सांस्कृतिक कारण

अध्ययन क्षेत्रको छनोट गरिएका ९० जनामध्ये १४.४५% दलितले शिक्षाको अवरोध सामाजिक, सांस्कृतिक व्यवहार हो भनी आफ्नो अभिमत जाहेर गरे । उक्त कुरा तालिका नं. १९ ले स्पष्ट पार्छ । कसरी सामाजिक, सांस्कृतिक तत्वले दलित

शिक्षालाई प्रभावित पार्‍यो ? किन र कसरी राक्यो समाज र संस्कृतिले दलितलाई पढ्न ? भनि सोधिएको प्रश्नमा निम्नअनुसारको अभिमत प्राप्त भयो । तल्लो जातिले पढ्न लेख्न नहुने चलन वर्णाश्रम धर्मको जगमा उभिएको हिन्दू संस्कार युक्त समाजमा पर्खौ देखि दलितहरुका लागि विद्यालयका ढोका वन्द गरिएकाले । दलितको जिम्मा शारीरिक श्रमको काम लगाई न्यून पारिश्रमिकको कारण आर्थिक अवस्था सुध्रन नसकेकाले । बाह्रैमास माथिल्लो जातिको काममा व्यस्त रहनु पर्नाले फुर्सद नहुने हुँदा केटाकेटीलाई घरधन्दा र गोठालोको काम जिम्मा लगाउनु पर्ने । दलित प्रति गाउँघरमा पानी छुन घरभित्र पस्न नदिने चलनले गर्दा विद्यालयमा समेत त्यही नियति भोग्न विवश दलित बालबालिकाहरु अपहेलित हुनु पर्ने भएकाले । साना जातिकाहरु ठूलाजातिकाहरुसँग बसेर पढ्न लेख्न हिचकिचाउने वातावरण विद्यालयमा भएकाले । सामाजिक विवाह,व्रतवन्ध लगायतमा कार्यहरुमा दलितहरु व्यस्त रहदा बालबालिकाहरुलाई विद्यालय पठाउन फुर्सद नपाउनु । विद्यालयमा अन्य विद्यार्थीहरुले दलित प्रति घृणाको भावले हेर्ने गर्नाले । शिक्षकबाट समेत अन्य जातिका सरहमा समान व्यवहार नपाउनाले । घरायसी वातावरणले समेत दलित शिक्षाको लागि बाधा पुर्‍याउनाले । समयमा विद्यालय आउन नपाउने, धेरै गयल पर्ने, गृहकार्य गर्न नपाउने हुँदा विद्यालयमा शिक्षक शिक्षिकाहरुबाट अपहेलना एवम् हप्काई खानुपर्ने भएकाले । कक्षा क्रियाकलापमा एकदम कम सहभागी हुने, सिकाइप्रति उत्साह, प्रोत्साहन, हौसला र प्रेरणा नपाउनाले । छोराछोरी पढाउने दलितप्रति समाजले डाहा समेत गर्ने, ठूलो भएको भन्ने हेप्ने हुँदा । यस प्रकार ओखलढुंगे दलित समुदायका शैक्षिक समस्याहरुलाई उनीहरुका जीवन भोगाइका यथार्थता र तथ्यगत आधारमा दृष्टिगत गर्दा आर्थिक दुरावस्थाले शैक्षिक अवसरमा प्रभाव पारिराखेको पाइयो । विद्यालयीय शिक्षाले दलितहरुको मन जित्न नसकेको वर्तमान प्रजातान्त्रिक वातावरणमा समेत दलित जातिको शिक्षा प्रति दरिद्र सामाजिक सोच रहेको दलित स्वयंको चेतनाको आँखा नखुल्दा शिक्षा के हो ? र किन ? भन्ने कुरा बुझ्न नसकेको पाइयो ।

पाउलोफ्रे (१९६७) को अवधारणा जस्तै वर्तमान शिक्षाले उत्पिडितलाई उठाएन बरु उत्पिडितलाई साथ दियो । विद्यालयको स्तर गाउँगाउँमा भए । शिक्षाको नाममा धेरै खर्च भइसक्यो । तर त्यसको फाइदा समाजमा टाठाबाठाहरुले नै उठाए । फ्रेको शब्दमा उत्पिडितलाई उठाउन पहिले मुक्तिको शिक्षा चाहिन्छ । सनातन हिन्दु वर्णाश्रमको भाग्यवादी समाज जहाँ दलितहरु भाग्यले ठगेका,कर्म हारेका, पूर्व जन्मको कर्मको फल भोग्न दलित भएर साना जातिका कूलमा जन्मिएका भन्ने अन्धविश्वासी जालो च्यात्नका लागि उत्पिडित वर्ग अर्थात दलितहरु हित अनुकूलको शिक्षाको खाचो रह्यो जसले तमाम दलितहरुको सम्मान गर्न सक्छ र मानव विकास क्रमको साचो इतिहास सिकाउन सक्छ । अनि पक्षपाती वर्णाश्रम धर्मको आधारमा कायम गरिएको श्रम विभाजन, उक्त श्रम विभाजनको आधारमा कायम गरिएको दलित वर्गको इज्जत, प्रतिष्ठा र श्रमलाई उच्च सम्मान गर्न सिकाउने देखिन्छ । जसबाट उनीहरुका पर्खौं देखिको त्यो सीप र कलाको जगेर्ना हुने छ । साथै आफूमाथिको शोषण उत्पिडन र हिनताबोधको भावनालाई समेत बुझ्न सक्ने छ । आफ्नो हक हित र अधिकारका लागि आवाज उठाउन जागरुक हुने छन् । तर यहाँको दलितहरुले त्यो मुक्तिको शिक्षाको अभावमा आफ्ना हक अधिकार बुझ्न सकेनन् । साथै शिक्षा सवैले पाउनुपर्दछ भन्नेहरुले समेत उनीहरुलाई चलाएनन् । र परम्परागत नियतिको नाममा ठगिए । वर्तमान साक्षरताको न्यूनतम शिक्षाबाट समेत वञ्चित रहे ।

## ४.४ दलितहरुको शैक्षिक समस्या समाधानका उपायहरु

शोधअध्ययनको क्रममा ओखलढुंगा जिल्ला अन्तर्गत खानीभन्ज्याङ्ग स्रोतकेन्द्र भित्रका दलित जातिका बालबालिकाहरुको प्राथमिक तहको शिक्षामा सहभागिता कम हुनका कारणहरु के के हुन् ? उनीहरुका शैक्षिक समस्याहरु के कस्ता रहेका छन् र ति

समस्याहरु के कसरी र कुन कुन पक्षबाट समाधान गर्न सकिन्छ? भन्ने विषयको खोजि गरिएको थियो । खोजको क्रममा समग्र दलित जातिका समस्याहरु केवल गरिबीको जालोमा मात्र जेलिएका थिए । यसका साथै शैक्षिक प्रक्रियाका कमी कमजोरीहरु विद्यालयका असक्षमताहरु आफ्नै अज्ञानताको शिकार भएको देखियो । यसरी जोडिएका समस्याहरु समाधान गर्न निम्नानुसार उपायहरु अपनाउनुपर्ने देखियो ।

### ४.४.१ आर्थिक अवस्था

आर्थिक अवस्था सुधारका लागि सहयोग गरेर दलितहरुको प्राथमिक शिक्षामा सहभागिता बढाउने प्रमुख उपाय उनीहरुको आर्थिक अवस्था उकास्न सहयोग मिल्ने खालका कार्यक्रमहरु सरकारले संचालन गर्नुपर्ने अवधारणा अध्ययन क्षेत्रका जनसंख्याहरुको थियो । यदि उनीहरुको हातमुख जाड्ने समस्या समाधान हुदैन भने शिक्षा टाढाकै वस्तुहुने देखियो । स-साना आर्थिक प्रलोभनबाट क्षणिक रुपमा विद्यालयमा भर्ना भएर मात्र के गर्नु ? उनीहरुलाई विद्यालयमा अड्याई राख्न कम्तिमा प्राथमिक तहको शिक्षा पूरागर्ने स्थिति तयार गर्ने हो भने प्रत्यक्ष आम्दानीमूलक क्रियाकलापमा संलग्न गराई आर्थिक स्थिति उकास्नै पर्ने अवस्था देखिन्छ । यसका लागि निम्न अनुसार कार्यक्रम संचालन गर्नु पर्ने सम्बन्धित जनसंख्याको अभिमत थियो । कुखुरा पालन,बाखा पालन, सुँगुर पालन आदि जस्ता स-साना व्यवसायका लागि नेपाल सरकारबाट निर्व्याजी ऋणको उपलब्ध गराउनुपर्ने । उनीहरुको परम्परागत पेशागत सीप सुधारका लागि आवश्य तालिमको व्यवस्था गर्नु पर्ने ।

रोजगारीको अवसरको लागि दलित आरक्षणको व्यवस्था गरिनुपर्ने, विद्यालयमा अध्ययनरत सवै दलित विद्यार्थीहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने । छात्रवृत्तिको रकम कम्तिमा छात्रवृत्तिको रकम कापी कलम किन्न पुग्ने गरी व्यवस्था गरिनुपर्ने ।

स-साना पेशागत व्यवसाय संचालनमा स्थानीय निकायद्वारा अनुदान सहयोग उपलब्ध गरिनुपर्ने । विद्यालयमा खाजाको व्यवस्था  गरिनुपर्ने ।

### ४.४.२ दलितका सीप र प्रविधिहरुलाइ पाठ्यक्रममा समावेश गरेर

दलितहरु विद्यालयमा आफ्नो सीप र व्यवसायमा प्रत्यक्ष लाभ पुऱ्याउने गरी शिक्षण सिकाइको वातावरण सिर्जना गरे आफ्नो विविध समस्याको बावजूद पनि विद्यालय जाने देखियो । तसर्थ पाठ्यक्रममा उनीहरुको सीप र प्रविधिलाई फाइदा पुऱ्याउने खालका विषय वस्तु समावेश गरी शिक्षा दिनुपर्ने देखिन्छ ।

### ४.४.३ शिक्षक विद्यार्थीको सोचमा परिवर्तन ल्याएर ।

दलितहरुको आफ्नै विशेषता र वाध्यताहरु छन् जसले गर्दा उनीहरु बालबालिकालाई पढाउन सक्दैनन् । पढाइहाले पनि विद्यार्थी नियमित नहुन सक्छ । यस्तो अवस्थामा उनीहरुको समस्या बोध गरी शिक्षकहरुले दलित बालबालिकाहरुलाई निरन्तर प्रोत्साहन र उत्साहित गर्नु पर्ने देखियो । मानवीय भावनाको विकास गराई दलित तथा गैर दलित बालबालिकाको मन मस्तिष्कबाट छुवाछुतको भेदभाव हटाउन पहल गरिनु पर्ने जसबाट उनीहरुको पढाइ र विद्यालय प्रति वितृष्णा होइन आकर्षण जागोस् । शिक्षक हरेक विद्यार्थीहरुको भविष्य निर्माता बन्न सकोस् ।अझ पिछडिएको वर्गका निमित्त साँच्चिकै मार्ग निर्देशक वन्न सकोस् यसका लागि परम्परागत रुपमा “राजाको काम कहिले जाला घाम” को पाराले जागीर खाने हिसाबले मात्र काम गर्ने सोचमा  परिवर्तन ल्याउन टट्कारो आवश्यकता देखिन्छ ।

### ४.४.४ दलितहरुको शैक्षिक दृष्टिकोण बदलेर

वर्तमान शिक्षा प्रतिको नकारात्मक सोचलाई परिवर्तन ल्याउन टट्कारो आवश्यकता देखियो । शिक्षा केवल रोजगारी र व्यवसायकालागि होइन । साक्षरता शिक्षा मानिसको आधारभूत आवश्यकता हो भन्ने धारणा दलितहरुमा जागृत गर्नु पर्ने देखियो ।

भावनाको जागरण उनीहरुमा आवोस् । यसका लागि अनौपचारिक शिक्षा मार्फत आम अभिभावकलाई अभिमुखीकरण गर्ने सचेतीकरणको शिक्षा दिनुपर्ने देखियो । यस्तो कार्यमा विद्यालय परिवार, स्थानीय संघसंस्थाहरु, समाजसेवी, वुद्धिजीवि, राजनैतिक कार्यकर्ताहरु समग्रले आ आफ्नो क्षेत्रबाट पहलगर्नु पर्ने देखिन्छ । जसबाट उनीहरुको संस्कृति, मूल्य र मान्यताको विकास गर्न समेत शैक्षिक महत्वबोध गरि शिक्षा प्रति आकर्षित हुने छन् ।

### ४.४.५ विद्यालयमा दलित शिक्षकको व्यवस्था गरेर

दलित विद्यार्थीलाई प्रेरणा एवम् हौसला दिन हरेक विद्यालयमा कम्तिमा एक जना दलित शिक्षकको व्यवस्था गर्नु पर्ने आवश्यकता दलित अभिभावक एवम् विद्यार्थीहरुले महशुस गरेको पाइयो । जसबाट एकातिर पढेलेखेका दलितले रोजगारीको अवसर पाउने देखियो भने अर्का तिर दलित विद्यार्थीलाई प्रेरणा र प्रोत्साहनको स्रोतसमेत हुने उनीहरुको अभिमत रह्यो । साथै जागिरे अग्रजहरुलाई देखि रोजगारको आशाले समेत नानीहरुलाई विद्यालय पठाउन प्रोत्साहन रहने अवस्था रह्यो ।

### ४.४.६ समाजिक सास्कृतिक जागरण ल्याएर

परम्परागत अवैज्ञानिक अन्ध परम्परालाई विस्तारै मेटाउन विद्यालयमा सवै जातका बालबालिकाहरुलाई सँगै पढ्ने,खेल्ने ,बस्ने खाने व्यवस्था गरिनु पर्ने, गाउँघरमा समेत दलित माथि भेदभाव पूर्ण व्यवहारमा रोक लगाउनुपर्ने, सार्वजनिक धारा कुवा पधँरा, मन्दिरहरु सवैका लागि खुल्ला गरिनुपर्ने सम्बन्धित दलितहरुकोअवधारणा रहेको देखियो । यसका लागि व्यापकरुपमा जनचेतना जागरण मूलक कार्यक्रम संचालन गरिनुपर्ने समेत सम्बन्धित पक्षको धारणा रहेको पाइयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

अध्ययन क्षेत्रमा सम्पन्न गरिएको यस अनुसन्धानबाट प्राप्त तथ्यांक विश्लेषण गर्दा निम्न अनुसार तथ्यहरु प्राप्ति भएका छन् । उद्देश्य अनुसार वर्गिकरण गरी उक्त तथ्यहरुलाई यस प्रकार प्रस्तुत गरिन्छ ।

### ५.१.१ दलित बालबालिकाको प्राथमिक विद्यालय तहमा सहभागिताको स्थिति

समुदायको कूल जनसंख्याको २५.२६% दलितले विद्यालयभित्र कूल विद्यार्थी संख्याको २३.८२ स्थान ओगटेको देखियो । जहाँ अन्य जातिको समुदायको जनसंख्याको ७४.७५% अनुपातमा विद्यालयमा विद्यार्थी ७६.१८% देखियो । उक्त तथ्यांकले अन्य जातिको तुलनामा दलितहरुको शैक्षिक सहभागिता न्यून रहेको पुष्टि गर्छ । अन्य जातिका विद्यार्थीहरुको तुलनामा दलित विद्यार्थी संख्या शैक्षिक सत्र २०६१/०६२ मा २५.०५ प्रतिशत रहेकोमा शै.स. ०६५ मा २४.४८% र शै.स.०६६ मा २३.८२ प्रतिशत रहेको पाईयो । जसबाट दलितको शैक्षिक सहभागिता घट्दो अवस्थामा रहेको पाइन्छ ।

शै.स.२०६५ को कक्षागत विद्यार्थी विवरण हेर्दा कूल विद्यार्थी संख्याको कक्षा १मा २४ र कक्षा २ मा २७ कक्षा ३ मा २५ कक्षा ४मा २० कक्षा ५ मा २१ दलित विद्यार्थी रहेबाट तल्ला कक्षाको तुलनामा माथिल्ला कक्षाहरुमा दलित विद्यार्थीको अनुपात घट्दै गएको देखियो । विद्यार्थी Dropout लाई हेर्दा शैक्षिक सत्र ०६१/०६२ मा १८% प्रतिशत ६३ मा २१ प्रतिशत ०६६ मा २५प्रतिशत रहेको पाइयो । जसबाट दलित छात्रछात्राहरुको विद्यालय छाड्ने दर बढी रहेको पुष्टि

हुन्छ । कक्षागतरुपमा Dropout को रेट हेर्दा शैक्षिकसत्र २०६६ मा कक्षा १ देखि ५ सम्म क्रमशः २४.८६, २६.२१, १७.८९, १०.५, १३.५ प्रतिशत रहेको पाइयो । जस अनुसार कक्षा १ बाट माथिल्ला कक्षाहरुमा Dropout रेट घट्दै गएको देखिन्छ ।

### ५.१.२ दलित विद्यार्थी सहभागी कम हुनाको कारणहरु

अध्ययन क्षेत्रबाट छनोट गरिएको जनसंख्याको ३५.५% दलितले दलित शिक्षाको प्रमुख बाधक  तत्वकोरुपमा गरिवीलाई स्वीकार गरे । यस प्रकार आर्थिक अवस्था कमजोर रहनु आयआर्जनको कुनै बलियो स्रोत नहुनु, घरको कामले गर्दा पढाइका लागि उपयुक्त वातावरण नबन्नु कापी कलम किन्ने पैसा भन्दा पहिले पेटको लागि बालबालिकाले समेत निमेक ज्याला मजदुरी, गोठाला गर्न बाध्य हुनु पर्ने अवस्थाले गर्दा दलित बालबालिका विद्यालय जानबाट वञ्चित रहेको देखियो । भर्ना भइहाले पनि विद्यालय छाड्ने दर बढीरहनुमा प्रमुख कारण आर्थिक कमजोर रहेको देखियो ।

जनसंख्याको २५.५६% प्रतिशत दलितको शैक्षिक समस्या सिर्जना गर्ने दोस्रो कारण कोरुपमा विद्यालय तथा पाठ्यक्रम र शैक्षिक प्रणालीलाई ठानेको देखियो । दलितहरुका व्यवहारिक कठिनाई विद्यालयले नबुझेको, उनीहरु प्रति भेदभाव रहित व्यवहार हुन नसकेको, शिक्षाका लागि निरन्तर प्रेरणाको अभाव अनि उनीहरुको सीप र श्रमले पाठ्यक्रममा खासै स्थान नपाउनु , बेरोजगार उत्पादन गर्ने शैक्षिक प्रणाली आदि कारणले दलितहरु शिक्षा प्रति आकर्षित हुन नसकेको पाइयो ।  स्वयं दलितहरुको शिक्षा प्रति नकारात्मक सोचले समेत शैक्षिक सहभागितामा न्यून रहेको देखियो । अधिकांश दलित अभिभावक निरक्षर रहेकाले शिक्षाको महत्व बुझ्न नसक्नु, पढेर के काम छ र ? भन्नु पढाइमा गरेको लगानी, धन सम्पत्ति र समयको वर्वादीको रुपमा लिनु, पढी लेखी के नै काम हलो जोती खायो माम

अनुसार पढेपछि पाइने अनिश्चितता भन्दा कुनै काम प्रतिको आकर्षणले गर्दा छोराछोरी विद्यालय नपठाएको देखियो । पढेपनि एक दुई कक्षा पढेर अक्षर चिने त भै हाल्छ नी ? भन्ने दलितहरुको सोचले विद्यालय छाड्ने दर बढिरहेको छ ।

परम्परागत वर्णाश्रम धर्ममा आधारित हिन्दु सामाजिक संस्कारले समेत दलित शिक्षामा समस्या सिर्जना गरेको पाइयो । दलितहरुप्रति गरिने सामाजिक भेदभाव विद्यालयसम्म पुग्नु तल्लो जातले पनि पढ्ने पढाउने भन्ने सामाजिक दृष्टिकोण कठिन श्रमको जिम्मा पाएका दलितहरुले काम धन्दामा व्यस्त रही केटाकेटीलाई पढ्न पठाउन नसक्नु, धार्मिक पर्व र सामाजिक संस्कारहरुमा परम्परागत कर्म गर्दै पाएका दलितलाई उक्त कार्यले थप बेफुर्सदिलो बनाउनु जस्ता कारणहरुले दलित शिक्षालाई असर पुऱ्याएको देखियो । वर्तमान राजनीतिको द्वन्द्वको प्रभाव विद्यालयमा समेत परेकाले असुरक्षाको कारण विद्यार्थीहरु विद्यालयमात्र होइन घरै छाड्न वाध्य हुनु पर्ने अवस्था शैक्षिक समस्याकोरुपमा देखियो ।

### ५.१.३ समस्या समाधानका उपायहरु

आर्थिक सुधारका लागि आयमुलक व्यवसाय संचालन गर्न सरकारी निकायबाट सहयोग उपलब्ध गराउनु पर्ने अवस्था देखियो । दलितको पेशागत सीप सुधारका लागि आवश्यक तालिम उपलब्ध गराउनु पर्ने उनीहरुको श्रम र सीपलाई उचित ज्याला र सम्मान दिनु पर्ला । सवै विद्यार्थीका लागि छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने देखियो । फ्रेले भनेझै दलितमा सचेतमूलक शिक्षा प्रदान गरी उनीहरुमा शैक्षिक जागरण ल्याउनु पर्ने । परम्परागत सामाजिक विभेदको व्यवहारिक रुपमै अन्त्य गरिनु पर्ने खाचो रह्यो । आधारभूत आवश्यकताको रुपमा शिक्षाको महत्वबोध गराई निरन्तर प्रेरणा र प्रोत्साहनद्वारा शिक्षा प्रति आकर्षित गरिनु पर्ने अवस्था देखियो । रोजगारमुलक र व्यवसायिक शिक्षाको व्यवस्था गरी दलितहरुको परम्परागत सीप र

श्रमलाई विद्यालय शिक्षा भित्र समेटिनु पर्ने देखियो । दलित शिक्षकको व्यवस्था गरी थप प्रोत्साहन गरिदिनु पर्ने अवस्था देखियो ।

## ५.२ निष्कर्ष

ओखलढुंगा जिल्लाका अन्तर्गत खानीभन्ज्याङ्ग स्रोतकेन्द्रभित्रका दलित जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता शीर्षकमा गरिएको यस अनुसन्धानबाट निम्न अनुसारको निष्कर्ष निकालिएको छ । विभिन्न सरकारी सहयोगका बावजुद पनि अन्य जातिको तुलनामा दलितको शिक्षामा सहभागिता न्यून रहेको देखियो । कमजोर आर्थिक अवस्थाबाट सिर्जित समस्याहरु सामाजिक भेदभावयुक्त कुसंस्कार, दलितहरुको न्यून शैक्षिक चेतनास्तर, दलितहरुप्रति नकारात्मक सामाजिक दृष्टिकोणहरु उनीहरुको श्रम र सीपले उचित मूल्य नपाउनुका साथै वर्तमान शिक्षा पद्धतिबाट उपेक्षित रहेका कारणहरु दलित शिक्षाका मुख्य अवरोधहरुको रुपमा देखिए । दलितको जीवनस्तर उकास्न, उनीहरुको सीप अभिवृद्धि गर्ने, प्रशिक्षण र आयआर्जन कार्यक्रमलाई शिक्षाको अंग बनाउनु पर्दछ ।
प्राविधिक दक्षता र व्यवसाय मुलक शिक्षाले मात्र व्यक्ति एवम् राष्ट्रको लगानी खेर नजाने हुँदा अध्ययन क्षेत्रका अभिभावक, विद्यार्थी एवम् शिक्षकहरुको सुझाव व्यवहारिक शिक्षा प्रति देखियो । व्यवसायिक शिक्षाको विस्तार गरी शिक्षा प्रति आकर्षण बढाउन सकिने स्थिति पाइयो । विशेष गरी दलित प्रविधि र सीपलाई विद्यालयले विकास गराउने प्रकृतिको शिक्षाको खाचो उनीहरुले महशुस गरेको पाइयो । दलितहरु शिक्षामा मात्र पछाडि नभई सामाजिक, आर्थिक, विभिन्न क्षेत्रमा पछाडि देखिए । तसर्थ मार्क्सवादीहरुले भने झै दलितलाई साच्चिकै सामाजिक समानताको खाचो रहेछ । जसका लागि राज्यको नीति निर्माणको तहसम्ममा उनीहरुको उचित प्रतिनिधित्व गराई उनीहरुकै आवश्यता अनुकूल शैक्षिक पद्धतिको विकास गर्नु पर्ने  आवश्यता देखिन्छ ।

२१औं शताब्दीमा समेत जन्मको आधारमा उचनीच मानिने जातिवादी कुप्रथाद्वारा सिर्जित दलितमाथिको सामाजिक भेदले दलित बालबालिकाहरुमा हिनताबोध र आफूलाई कमजोर सम्भने मनौवैज्ञानिक असर परेको देखियो । यसको अन्त्य गरी पूर्ण समानता, स्वतन्त्रता र मानवीय वातावरणमा उन्मुक्त पढ्न लेख्न पाउने वातावरणको सिर्जना गर्नु पर्ने देखियो । पाउलो फ्रेले उत्पिडितहरुका लागि आत्मसचेतीकरणको शिक्षाको खाचो पर्दछ भने भनेभैं ओखलढुंगे दलित समुदायमा पनि सचेतीकरण प्रक्रियाद्वारा उनीहरुमा सुस्ताएको चेतनालाई जागृत गराई शैक्षिक सुधारमा ल्याउन सहयोग पुग्ने देखियो । विद्यालय एवम् समाजका सचेत वर्गद्वारा जातीय भेदको अन्त्य एवम् शिक्षा तर्फ आर्षित गर्न जनचेतना जगाई निरन्तर अभिप्रेरणा दिनु आवश्यक छ ।

## ५.३ सुभ्रावहरु

यस शोध अनुसार विभिन्न पक्षबाट लिएका तथ्यांक, स्थलगत सर्वेक्षणको आधारमा प्राप्त तथ्यहरु तथा विज्ञानद्वारा लिखित पुस्तक, लेख, रचनाहरुका आधारमा दलित जातिका बालबालिकाहरुको प्राथमिक शिक्षामा सहभागिता अभिवृद्धि गर्न निम्नअनुसारको सुभ्रावहरु पेश गरिएको छ । सर्वप्रथम दलित समुदायको वास्तविक आर्थिक, सामाजिक, शैक्षिक स्थितिकोबारेमा यथार्थ खोज अनुसन्धान गरिनु पर्दछ । दलितहरुको यथार्थ स्थिति पत्ता लगाइ सके पछि कुन समुदायलाई कस्ता कार्यक्रम दिइ सहयोग गरेर उनीहरुको आर्थिक स्थिति सुध्रन सक्छ ? स्वयं दलितहरुको संलग्नताका कार्यक्रम निर्माण गरी संचालन गरिनु पर्छ । उक्त कार्यक्रम मार्फत उनीहरुको परम्परागत सीपलाई बढावा दिइ आधुनिकीकरण गरिनुपर्छ । जातको आधारमा होइन कर्मको आधारमा मानिस ठूलो हुने कुरा व्यवहारिक रुपमा उतार्न समाजका टाठाबाठाहरु, शिक्षक, राजनैतिक कार्यकर्ता, सरकारी संस्थाहरु सम्पूर्ण पक्षबाट व्यापक प्रचार प्रसार गरी जनचेतना जागरण गर्ने । सामाजिक विभेदीकरण

निर्मूल गर्न भेदभाव गर्नेलाई कडा कानुनी कारवाहीको व्यवस्था गरिनु पर्दछ । दलित आत्मबल बढाउन विभिन्न अनौपचारिक शैक्षिक कार्यक्रम मार्फत अभिभावकको चेतनास्तर उकास्नु  पर्दछ । विद्यार्थीलाइ दिउँसो खाजाको व्यवस्था गरिनु पर्दछ । शिक्षाबाट उत्पिडित जनशक्तिको क्षमता अनुसार रोजगार पाउने ग्यारेन्टी सरकारले गर्नु पर्दछ । सर्टिफिकेट धितोमा ऋण दिई इच्छुक व्यक्तिलाई अन्य सेवा पेशा अपनाउन समेत सहयोग गरिनु पर्दछ । दलितहरुको लगनशीलता,मिहिनेत, इमान्दारी, आज्ञाकारीता जस्ता मानवीय गुण हरेक विद्यार्थीमा विकास गर्न सके आदर्श समाजको निर्माणमा उल्लेखनीय योगदान पुग्थ्यो । तसर्थ पाठ्यक्रममा समेत उनीहरुका उदाहरणीय जीवनी समावेश गरिनु पर्दछ । पेशागत मर्यादा सामाजिक सम्मानको वातावरणको सिर्जना गरी दलित श्रम सीपको उचित कदर गरिनु पर्ने । परिश्रमको आधारमा उचित ज्यालाको व्यवस्था गरी दलितहरुको आर्थिक अवस्थामा सुधारिनु आवश्यक छ । दलितहरुको सीप मूलक प्रविधिमा आधारित स-साना व्यवसाय संचालन गर्न आवश्यक तालिम एवम् आर्थिक सहयोग स्थानीय निकाय एवम् सरकारी निकायबाट पहल गरिनुपर्दछ । शिक्षा मानव अधिकारको विषय भएकाले हरेक नागरिकले आफूले पाउने आधारभूत सेवाबाट वञ्चित नरही राज्यद्वारा प्रदान गरिएका सेवाबाट फाइदा उठाउनु पर्दछ भनी जनचेतना जागृत गर्नु पर्दछ । विद्यालयको शैक्षिक वातावरण रमणीय र उपयुक्त हुनुपर्छ जसबाट विद्यार्थीहरुमा विद्यालयप्रति आकर्षण बढ्छ । गुणस्तरीय शिक्षा दिन योग्य र तालिम प्राप्त शिक्षकहरुको व्यवस्था गर्नु पर्दछ । हरेक बालकको मनोविज्ञान बुझेर शिक्षकले शिक्षण गर्नु पर्दछ । विद्यार्थी शिक्षकबाट त्रसित होइन आकर्षित हुने वातावरणको सिर्जना गरी शिक्षण गर्ने कौशल हरेक शिक्षकमा हुनु जरुरी छ । हरेक विद्यालयमा कम्तिमा एक जना दलित शिक्षकको व्यवस्था गरी दलित विद्यार्थीहरुमा थप उत्साह एवम् सहानुभूति गर्न सकिन्छ ।